उपराष्ट्रपति र अष्ट्रेलियाली राजदूत बीच भेटघाट | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २५ • अंक २३२ • २०८० साल माघ ५ गते शुक्रबार (19 January, Friday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## फेरि छुट जग्गा दर्ता हुने

**टुडे समाचारदाता**

काठमाण्डु । सरकारले रोकेको छुट जग्गा दर्ताको प्रकृया फेरि सुरु हुने भएको छ । छुट जग्गा दर्ता रोक्का गरेपछि सयौं निवेदनहरु मालपोत कार्यालयमा थन्किएको छ । नयाँ निवेदन दिन पनि सयौं मानिसहरु कुरिरहेका छन् ।

भोगचलन गरिरहेका तर दर्ता हुन नसकेका जग्गाको छुट दर्ताका लागि सरकारले फेरि मौका दिने भएकोछ । सोमबारको मन्त्रिपरिषद् बैठकले छुट जग्गा दर्ता गर्न चाहनेका लागि दुई वर्षभित्र आवेदन दिन सूचना प्रकाशित गर्न स्विकृती दिने निर्णय गरेको छ ।

'नाप नक्सा भएको जग्गा दर्ता गर्न छुट भएमा त्यस्तो जग्गा दर्ता गर्न चाहने सम्बन्धित जग्गावालाले सम्बन्धित मालपोत कार्यालयमा निवेदन दिने म्याद यो सूचना प्रकाशित भएको मितिले दुई वर्ष र कार्यालयमा यसअघि नै निवेदन गरी फछ्र्यौट हुन बाँकी पुराना प्रतिवेदनहरु फछ्र्यौंट गर्ने म्याद यो सूचना प्रकाशन भएको मितिले दुई वर्ष हुने गरी तोकिएको छ ' पत्रकार सम्मेलनमा सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले भनिन्, यसबाट जग्गा भोगचलनमा रहे पनि दर्ता हुन छुट भएकाहरु लाभान्वित हुनेछन् ।

सरकारले सूचना प्रकाशन गर्न स्वीकृती दिइसकेकाले अब चाँडै नै राजपत्रमा सूचना प्रकाशन भईं कार्यान्वयनको प्रकृयामा जाने मन्त्री शर्माले बताइन् ।

मालपोत नियमावली, २०३६ को नियम ४(क)मा 'दर्ता गर्नसम्म छुट भएका जग्गा दर्ता गर्नुपर्ने' व्यवस्था छ । उक्त नियममा नापनक्सा भएको तर दर्ता गर्नमात्रै छुट भएको जग्गा दर्ता गर्न पाउने व्यवस्था छ ।

जग्गाको भोगचलनगर्दै आइरहेको तर नाममा दर्ता नभएका जग्गाधनीहरुले प्रमाण सहितको निवेदन दिए त्यसको आवश्यक छानबिन गरी मालपोत कार्यालयले जग्गा दर्ता गर्ने प्रकृया रहेको छ ।

विगतमा पनि छुट जग्गा दर्ता हुने गरे पनि झण्डै १० वर्ष पूर्व रोकेको थियो । सरकारले जग्गा दर्ता खुल्ला गरेपछि अनियमितता हुन सक्ने आशंका पनि गर्न थालिएको छ । खास गरी गुठी संस्थान र मठमन्दिरहरुको जग्गा छुटको नाममा व्यक्तीहरुले प्रमाण जुटाएर दर्ता गराउने संभावना बढेको बताइन्छ ।

वन क्षेत्रमा लामो समयदेखि बसोबासगर्दै आए पनि जग्गा दर्ता गराउन असफल रहेका हजारौ मानिसहरुले वनको सहमतिमा जग्गा धनी प्रमाण पुर्जा पाउने भएको बताइन्छ ।

### राष्ट्रिय सभा सदस्यको निर्वाचन

## लोसपा र माओवादी सत्ता गठबन्धन उम्मेदवारको छुट्टै प्रचारमा

**किरण कर्ण**

जनकपुरधाम । नेकपा माओवादी केन्द्रका उपमहासचिव मातृकाप्रसाद यादवले प्रतिनिधिसभाको निर्वाचनमा आफू पराजित भए पनि राष्ट्रियसभा सदस्य निर्वाचनका लागि गठबन्धनका उम्मेदवारको जीत सुनिश्चित रहेको दावी गरेका छन् ।

नेकपा माओवादी केन्द्रको बिहीवार भएको मधेश प्रदेश संसदीय दलको बैठकमा सत्तागठबन्धनका उम्मेदवारद्वय आनन्दप्रसाद ढुंगाना र पूजा चौधरीको जीत सुनिश्चित रहेको भन्दै पूर्वमन्त्रीसमेत रहेका नेता यादवले माओवादी गठबन्धनप्रति इमान्दरीपूर्वक प्रतिबद्ध रहेको बताए ।

माओवादीको संसदीय दलका कार्यालयमा ८ वटै जिल्लाबाट सहभागी भएका जनप्रतिनिधिहरुसंग नेपाली कांग्रेसका अन्य कोटाका उम्मेदवार ढुंगाना र जनता समाजवादी पार्टी (जसपा)नेपालकी नेतृ पूजा चौधरीसंगको परिचयात्मक कार्यक्रममा नेता यादवले भने, 'प्रदेशसभा तथा प्रतिनिधिसभाको निर्वाचनको क्रममा आफ्नो जीत सुनिश्चित रहँदासमेत आफूले हार बेहोर्नु परेको स्मरणगर्दै उनले भने-'मधेश प्रदेशमा गठबन्धनका उम्मेदवारहरुसंग माओवादीका नेता तथा कार्यकर्ताहरुले सक्रियतासाथ सहयोग नगरेको भनेर भन्नु होला, किनभने यस निर्वाचनमा जनताले नभइ जनप्रतिनिधि र सांसदहरुले मतदान गर्ने भएकाले माओवादीको सम्पूर्ण मत गठबन्धनका उम्मेदवारलाई जाने भएकाले ढुक्क भएर अन्य दल तथा मतदातालाई रिझाउनु होला, हामी गठबन्धन र गठबन्धनका उम्मेदवारप्रति इमान्दार छौं ।' माओवादी नेता यादव गत संसदीय चुनावमा धनुषा जिल्लाको निर्वाचन क्षेत्र नम्बर १ बाट पराजित भएका छन् । कांग्रेससितको गठबन्धनबाट उम्मेदवार भएका यादवलाई ढुंगाना लगायतका कांग्रेसका नेताहरुले घात गरेको आरोप छ ।



कांग्रेस र जसपाले सुरु गरेको चुनाव प्रचारबाट अलग रहँदै आएको माओवादी केन्द्रले छुट्टै कार्यक्रमको आयोजना गरी चुनावमा सघाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

'माओवादीका मतदातालाई भोजभतेरसमेत गर्नुपर्दैन, खानपानसमेत गर्नुपर्दैन' नेता यादवले भने, यसका लागि हामी आफै सक्षम छौं ।' उनले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली सरकारको बेलामा ओली आफैले गर्ने सहमति र कार्यान्वयनको बेला आफ्नै बोली फेर्ने प्रवृत्तिले प्रतिपक्षी रहेका कांग्रेससंग मिलेर अहिलेको प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको सरकार बनेकाले माओवादीको बोली, वचन र व्यवहार एकै किसिमको रहेको स्पष्ट पारे ।

उनले कार्यक्रममा उपस्थित रहेका जनप्रतिनिधि, प्रदेश सांसदहरुलाई निर्देशन दिदैं गठबन्धनका उम्मेदवारलाई जिताउनका लागि अन्य मतदातासंगसमेत मत माग्न र मत दिनका लागि निर्देशन दिए ।

कार्यक्रममा उपस्थित रहेका कांग्रेसका उम्मेदवार ढुंगानाले आफू माओवादी र मतदाताप्रति मतका लागि विश्वस्त रहेको बताए । संविधान, संघीयता र मुलुक रक्षाका लागि अहिलेको गठबन्धनको सरकारसमेत रहेको बताउँदै उम्मेदवार ढुंगानाले यही गठबन्धनको सरकारले आगामी पाँच वर्षसम्म सरकार चलाउने बताए ।

उनले अहिले संघीयता कार्यान्वयनका लागि प्रदेश प्रहरी ऐन र निजामती कर्मचारीसम्बन्धी विधेयक निर्माण तथा संशोधन गरी संघीयतालाई बलियो बनाउने तर्फ वर्तमान सरकार लागि परेको बताए ।

उनले सत्तागठबन्धनका उम्मेदवारलाई जिताउनका लागि उम्मेदवार र गठबन्धनकोसमेत उतिकै महत्वपूर्ण भूमिका रहेकाले साथ, सहयोग र समर्थन अपरिहार्य रहेको बताए ।

राष्ट्रियसभा सदस्य निर्वाचन अवधिभर मधेश प्रदेशभरका जिल्लामा मतदाताहरु समक्ष प्रचारप्रसारसहित मत माग्नका लागि माओवादीको सक्रिय सहभागिताको लागि उनले आग्रह गरेका थिए ।

माओवादीका मधेश प्रदेशका संसदीय दलका नेता भरतप्रसाद साहको अध्यक्षतामा भएको कार्यक्रममा जसपाकी उम्मेदवार चौधरीले गठबन्धनको उम्मेदवारलाई जिताउनका मतदान गरी जिताउनका लागि आग्रह गरिन् ।

यता नेकपा एमाले र जनमत पार्टीसमेत आ-आफ्ना उम्मेदवारलाई जिताउनका लागि मतदाताको घरदैलोमा गएर मत मागिरहेका छन् । भने जित्नका लागि विभिन्न रणनीतिहरुसमेत बनाइरहेका छन् ।यही माघ ११ गते राष्ट्रियसभा सदस्यको निर्वाचन हुँदैछ ।






# नमूना आवास निर्माणका लागि लाभग्राहीको नाम स्वीकृत

टुडे समाचारदाता

दमौली। विपन्न वर्गका लागि घर निर्माण गर्न तनहुँको म्याग्दे गाउँपालिकाले लाभग्राहीको नाम स्वीकृत गरेको छ। आर्थिक वर्ष २०८०/८१ मा आर्थिकरूपमा विपन्न वर्गलाई नमूना आवास निर्माणका लागि गाउँपालिकाले १६ जना लाभग्राहीको नाम स्वीकृत गरेको हो।

नमूना आवास निर्माण कार्यक्रम कार्यान्वयन समन्वय समितिको हालै बसेको बैठकले लाभग्राही छनोट गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिए। सङ्घीय सरकारको समपूरक कोष र गाउँपालिकाको साझेदारीमा विपन्नका लागि घर निर्माण गर्न लागिएको र यसका लागि समपूरक कोषबाट रु ५० लाख र गाउँपालिकाबाट रु ५० लाखगरी रु एक करोड ब्यहोरिने उनको भनाइ थियो।

प्रशासकीय अधिकृत अधिकारीले भने, "गाउँपालिकाको चालु आर्थिक वर्षको वार्षिक स्वीकृत कार्यक्रम तथा नेपाल सरकारको समपूरक योजनाअन्तर्गत विपन्न वर्गलाई नमूना आवास घर बनाउन लागेका हौँ। त्यसका लागि लाभग्राही छनोट भएका छन्।"

गाउँपालिकाको वडा नं १ देखि ७ सम्ममा रहेका लक्षित वर्गलाई नमूना आवास कार्यक्रम कार्यविधि, २०८० को दफा (३) बमोजिम मापदण्ड तथा सूचीभित्र योग्यता पुगेका स्थानीय नागरिकलाई मङ्सिर २७ गतेभित्र निवेदन पेस गर्न सूचित गरिएको थियो। प्राप्त निवेदनका आधारमा १६ जना लाभग्राही छनोट गरिएको र पाँच जनालाई वैकल्पिकमा राखिएको छ। ती १६ लाभग्राहीले जग्गाधनी पुर्जालगायत प्राविधिक तयारी पूरा गर्न नसके वैकल्पिक सूचीलाई प्राथमिकता दिने जनाइएको छ।

लाभग्राही छनोटका लागि पालिकाले जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, सम्बन्धित वडाको आर्थिक विपन्न परिवार भएको सिफारिससहितका कागजात, सामान्य प्रकृतिका श्रमबाहेक परिवारका सदस्यमा कोही स्थायी रोजगार, दिगो लगानी तथा आयस्रोत नभएको र दोहोरो सुविधा तथा अनुदान नलिएको प्रमाण पेस गर्न सूचित गरिएको थियो।

कार्यविधिबमोजिम विगतदेखिगाउँपालिकाकोभौगोलिक क्षेत्रभित्र स्थायी बसोबास गर्दै आएको तर सरकारबाट सञ्चालित यस्तै कार्यक्रमबाट लाभ प्राप्त गरेका व्यक्ति लाभग्राही हुन नसक्ने मापदण्डमा उल्लेख छ। लाभग्राहीको सूचीमा अपाङ्गता भएका व्यक्ति, असहाय, सीमान्तकृत जाति, अल्पसंख्यक जाति वा दलित जातिमा सूचीकृत भएकालाई प्राथमिकता दिइने प्रमुख प्रशासकीय अधिकृत अधिकारीले बताए।

बायोग्यास निर्माणका लागि अनुदान

म्यादे गाउँपालिकाले स्थानीयवासीलाई बायोग्यास प्लान्ट निर्माणका लागि अनुदान दिने भएको छ। बायोग्यास प्रयोगमा जोड दिने उद्देश्यले पालिकाले यस वर्ष १० जनालाई अनुदान दिन लागेको हो। गाउँपालिकामा प्राप्त निवेदनका आधारमा बायोग्यास प्लान्ट निर्माणका लागि जनही रु ३० हजारका दरले अनुदान दिन लागिएको त्यहाँका इन्जिनियर भीमप्रसाद सुवेदीले जानकारी दिए।

# कृषि सामग्री पाएपछि मटिहानीका किसान उत्साहित

टुडे समाचारदाता

महोत्तरी। कृषि कार्यका सहयोगी ज्यावल र बीउ पाएपछि महोत्तरीको मटिहानीका किसान उत्साहित छन्। ब्याडमा पानी पटाउने हजारी, पानी भण्डारण गर्न ड्रम, उत्पादन टिप्ने र बजार पुर्याउने क्रेट, औषधि छर्कने 'स्प्रेयर, नानो नाइट्रोजन' झोल, 'नर्सरी ट्रे'सहितका कृषि सामग्री र सागजब्जीका बीउ मटिहानी नगरपालिकाले किसानलाई वितरण गरेको छ। प्रारम्भिक चरणमा मटिहानी-७ र ९ का कृषक समूहमा आबद्ध ३० किसानले यी सामग्री पाएका छन्।



सामान्यतः सागजब्जी खेतीमा आवश्यक सबैजसो सामग्री पाएपछि किसान खुसी छन्। अहिले वैशाखी सागजब्जी लगाउने बेलामै सामग्री पाएपछि निस्फिक्री काममा लाग्न सहज भएको किसानहरू बताउँछन्। यसअघि मङ्सिरमा मटिहानी नगरपालिकाले गहुँखेती गर्ने किसानलाई बीउ उपलब्ध गराएको थियो। यो सुविधा नगरक्षेत्रका नौ सय किसानले पाएका मटिहानी नगर कार्यपालिकाको कार्यालयका कृषि शाखा प्रमुख टङ्कप्रसाद उपाध्यायले बताए।

मटिहानी नगर कार्यपालिकाले आफ्नो क्षेत्रको कृषि उत्पादन बढाउन विभिन्न मौसमी बालीका समयमा बीउ, मलदेखि अन्य प्रविधिलगायत किसानलाई सुविधा दिँदै आएको जनाएको छ। "हाम्रो नगरको मुख्य आधार नै कृषि हो, त्यसैले विभिन्न बाली लगाइने बेला किसानका लागि खास 'प्याकेज'मा सहयोग गर्दै आएका छौँ", नगरप्रमुख हरिप्रसाद मण्डल भन्छन्।

नगर कार्यपालिकाको कार्यालयले पछिल्ला तीन-चार वर्षयता निरन्तर कृषि प्रवर्द्धनमा जोड दिँदै आएको लाभग्राही किसानले बताएका छन्। धान, गहुँ र मौसमी सागजब्जीको बीउ समयमा पाउँदा निकै राहत मिलेको मटिहानी-५ का किसान नागेन्द्र यादव बताउछन्। कार्यालयले यसअघि 'स्यालोट्यूबवेल' जडान गरी ३० जना किसानलाई मोटर 'पम्पसेट' उपलब्ध गराएको थियो। "स्यालो ट्युबवेल जडान र 'मोटर पम्पसेट' भएपछि बाली लगाउन पाइने भएको छ", मटिहानी-२ का किसान शेषमहम्मद जैश भन्छन्।

नगरका नौवटै वडाबस्तीमा वैकल्पिक सिँचाइ व्यवस्थाका लागि आवेदन गरेका किसानलाई स्यालो ट्यूबवेल जडान र मोटर पम्पसेट खरिदमा कार्यालयले कूल लागतमा ८५ प्रतिशत र सम्बन्धित किसानले १५ प्रतिशत रकम लगानी गरेका थिए। यसैगरी कार्यालयले यसअघि फलफूल रोप्न, मखान बजार व्यवस्थापन सहयोगी सामग्री, दाइँ गर्ने यान्त्रिक उपकरण र कृषि ज्यावल किसानलाई उपलब्ध गराएको थियो। पछिल्ला पाँच वर्षयता बर्सेनि मौसमअनुसार बाली लगाउन बीउ, कृषि ज्यावल, जैविक मलसहितका सामग्री दिँदै आएको छ। प्राप्त सहयोगबाट आफूजस्ता गरिब किसानलाई निकै राहत मिलेको मटिहानी-६ का मेराज अन्सारी बताउछन्।

# 'निर्वाचनसम्बन्धी विधेयक थप अध्ययन गर्नुपर्ने'



काठमाण्डु। निर्वाचन आयोगले तयार गरी सरकारलाई बुझाएको 'निर्वाचनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको निर्वाचन व्यवस्थापनसम्बन्धी विधेयक' मा अपाङ्ग, दलित, ज्येष्ठ नागरिक, महिला र सिमान्तकृत समुदायका सवालमा थप अध्ययन गरी केही सच्याउनुपर्नेमा सरोकारवालाले जोड दिएका छन्।

नेपाल मतदाता अधिकार मञ्चले 'निर्वाचन सुधार पहल' बारे विहिबार नागरिक समाजसँग गरेको परामर्श कार्यक्रममा उक्त समुदायका सवालमा प्रस्तावित विधेयकमा केही सच्याउनुपर्ने र केही थप्नुपर्नेमा जोड दिएका हुन।

निर्वाचन पर्यवेक्षक समिति नेपालका पूर्वअध्यक्ष प्रदीप पोखरेलले प्रस्तावित विधेयकमा महिलालाई ३३ प्रतिशत व्यवस्था गरिएको तर महिलाको जनसंख्याको आधारमा ५१ प्रतिशत हुनुपर्ने बताउनुभयो। विदेशमा बसेका नेपालीले कसरी मतदान गर्ने भन्ने विषयमा पनि स्पष्ट पार्नुपर्ने पोखरेलको सुझाव थियो।

इन्हुरेड इन्टरनेलका अध्यक्ष डा गोपाल शिवकोटीले मतदान प्रक्रिया गोप्य राखेर बाँकी निर्वाचनका सबै प्रक्रिया पारदर्शी हुनुपर्ने र मतदाता स्वयंलाई मानसिक रुपमा मन लागेको व्यक्ति वा पार्टीलाई मत हाल्न पाउने वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो। सबै नागरिकले निर्वाचन प्रक्रियामा भाग लिन पाउने व्यवस्था गर्नुपर्ने उहाँको भनाइ थियो।

राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति नेपाल (नियोग) का महासचिव टेक सुनुवारले विधेयकमा उम्मेदवारले सुरुमा र कार्यकाल सकिएपछि गरी दुई पटक सम्पति विवरण बुझाउनुपर्ने व्यवस्था राम्रो भएको भएपनि दलित, महिला, अल्पसंख्यकका विषयमा केही सच्याउनुपर्ने बताउनुभयो।

कार्यक्रममा जागरण मिडिया सेन्टरका अध्यक्ष कमला विश्वकर्माले निर्वाचन आयोगले बनाएको कानुन बाध्यकारी बनाउनुपर्ने र सबैले सहजरुपमा मतदान प्रक्रियामा भाग लिन र सहभागी हुन पाउने अवस्था हुनुपर्ने सुझाव दिनुभयो।

मञ्चका अध्यक्ष भक्त विश्वकर्माले सिमान्तकृत, दलित, महिलालगायतको भावनालाई समेटेर विधेयक बनाउनुपर्ने र समग्र निर्वाचन प्रक्रिया सुधार गर्ने सहयोग पुग्ने उद्देश्यले नागरिक समाजसँग छलफल गरेको बताउनुभयो।

निर्वाचन आयोगद्वारा तयार गरिएको उक्त विधेयकको मस्यौदा गृह मन्त्रालयमा रहेको छ। उक्त विधेयक सच्याउनुपर्ने वा थप गर्नुपर्ने विषयमा नागरिक समाजका अगुवाहरुले ध्यान पुर्याउनुपर्ने विषयमा सहभागीको जोड थियो।रासस

# मानव बेचबिखन मुद्दाका फरार प्रतिवादी ३२ वर्षपछि पक्राउ

काठमाण्डु। मानव बेचबिखन अनुसन्धान ब्यूरोको टोलीले मानव बेचबिखन मुद्दाका फरार प्रतिवादीलाई ३२ वर्षपछि पक्राउ गरी विहिबार सार्वजनिक गरेको छ।

पक्राउ पर्नेमा धादिङ मेत्रावती गाउँपालिका-२ भर घएका ५७ वर्षीय वीरबहादुर तामाङ रहेको ब्यूरोका प्रवक्ता तथा प्रहरी उपरीक्षक कृष्णप्रसाद पगेनीले जानकारी दिनुभयो।

उहाँका अनुसार प्रतिवादी तामाङले एक महिलालाई ब्रुनाई पठाइदिने भनि झुक्याई २०४७ साल चैत्र ३ गते काठमाडौँबाट काकरभिट्टा हुँदै पश्चिम बङ्गालको बागडोग्रामा पुर्याई भारतीय नागरिकलाई बेचेका थिए। निजलाई ब्युरोबाट खटिएको टोलीले यही माघ ३ गते ललितपुरबाट पक्राउ गरेको हो।

पक्राउ परेका निज तामाङविरुद्ध मानव बेचबिखन तथा ओसारपसार मुद्दामा काठमाडौँ जिल्ला अदालतबाट तीन दिनको म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको प्रवक्ता तथा प्रहरी उपरीक्षक पगेनीले बताउनुभयो।

उहाँले भन्नुभयो, "पीडितको श्रीमान रोजगारीका सिलसिलामा ब्रुनाईमा रहेको समयमा तामाङले तिम्रो श्रीमानले तिमीलाई ब्रुनाई ल्याइदिनु भनि मलाई चिठ्ठी पठाएका छन् भनि झुक्याएर भारत लगी १० हजार भारुमा बेचबिखन गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।"रासस

# ठगी गर्ने एकजना पक्राउ

काठमाण्डु। काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले वैदेशिक रोजगारीका लागि रसिया पठाइदिने भन्दै रकम ठगी गरेको आरोपमा कैलालीका एकजनालाई पक्राउ गरी विहिबार सार्वजनिक गरेको छ।

पक्राउ पर्नेमा कैलाली लम्कीचुहा नगरपालिका-६ घर भई हाल काठमाडौँ कीर्तिपुर नगरपालिका-१० बस्ने २८ वर्षीय सरोज थापा रहेको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय सूचना अधिकारी तथा प्रहरी उपरीक्षक मिलन केसीले जानकारी दिनुभयो।

उपरीक्षक केसीका अनुसार पक्राउ परेका थापाले मोहन साउदलाई वैदेशिक रोजगारीका लागि रसिया पठाइदिने र त्यसका लागि रु सात लाख तीस हजार लाग्ने तथा रसिया पुगेपछि प्रतिष्ठित कम्पनीमा रु एक लाखमा काम लगाईदिने भन्दै विश्वास दिलाइ पीडितबाट पटक-पटक गरी जम्मा रु सात लाख तीस हजार रकम लिई सम्पर्कविहीन भई ठगी गरेको उजुरीका आधारमा पक्राउ गरिएको हो।रासस

# 'जनतालाई सहज स्वास्थ्य सेवा पुर्याउन सरकार सम्वेदनशील'

टुडे समाचारदाता

मोरङ। कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले जनतालाई सहज रुपमा स्वास्थ्य सेवा पुर्याउन सरकार सम्वेदनशील रहेको बताएका छन्।

सम्वाद समूह कोशी प्रदेशद्वारा विहिबार आयोजित प्रदेश स्वास्थ्य नीति सम्वाद कार्यक्रममा स्वास्थ्यमन्त्रीसमेत रहेका मुख्यमन्त्री कार्कीले नागरिकलाई सहज अनुभूति गर्ने स्वास्थ्य सेवाका लागि स्वास्थ्य क्षेत्रमा आवश्यक परिवर्तन गर्न तयार रहेको प्रतिबद्धता जनाए।

उनले भने, "वर्तमान सरकार जनतालाई दिएको आश्वासन एवं वाचा पुरा गर्न सरकार जे गर्छ, त्यो बोल्छ, जे बोल्छ, त्यो पुर्याउँछ।"

उनले क्लब, पुराण जस्ता कार्यक्रममा मुख्यमन्त्री तथा मन्त्रीलाई उद्घाटन गर्न नबोलाउन आग्रह गर्दै यसले समाजमा नकारात्मक प्रभाव पर्ने गरेको बताए। पूर्वमन्त्री उद्धव थापाले स्वास्थ्य क्षेत्रमा देखिएका कमीकमजोरी सुधार गर्ने प्रतिबद्धता व्यक्त गरे।

प्रदेश स्वास्थ्य मन्त्रालयकी सचिव डा सुधा देवकोटा, पूर्वमन्त्री जीवन घिमिरे र नेकपा एमालेका संसदीय दलका उपनेता राम रानाले स्वास्थ्यलाई निःशुल्क र मौलिक हकको रुपमा विकास गर्नुपर्नेमा जोड दिए।

डा नवराज सुब्बाले सरकारी अस्पतालको सेवा प्रवाह, समस्या र चुनौती समाधानार्थ राजनीतिक सहकार्य र प्रतिबद्धता, सुमन तिमिल्सिनाले सरकारी अस्पतालको सेवा प्रभाव, समस्या र स्वास्थ्य क्षेत्रको नीतिगत उल्झन, प्रदेश सरकार विषयक कार्यपत्र प्रस्तुत गरेका थिए।

कार्यक्रममा प्रदेशसभाका सदस्य, स्थानीय तहका प्रमुख एवं उपप्रमुख, प्रदेश स्वास्थ्य मन्त्रालयका कर्मचारी, विभिन्न अस्पतालका चिकित्सक, स्वास्थ्य सङ्घसंस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो।

# 'तीन तहका सरकारबीच समन्वय आवश्यक छ'

देउखुरी। लुम्बिनी प्रदेश समन्वय समितिको बैठकमा मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले अधिकार कार्यान्वयनका लागि तीनै तहका सरकारबीच समन्वय र सहकार्य आवश्यक रहेको बताउनुभयो।

अहिले प्रदेश सरकारले अधिकारको विषयमा सङ्घीय सरकार र प्रधानमन्त्रीसँग छलफल गरिरहेको बताउनुभयो। उहाँले नगरपालिका र प्रदेशले सहकार्य गरिरहेको बताउनुभयो।

मुख्यमन्त्री चौधरीले प्रदेश र स्थानीय सरकारले दिने नगद अनुदान अन्त्य गर्नुपर्ने बताउनुभयो। नगद अनुदानको प्रभावकारिता घटेको र सिर्जनात्मकता नभएको भन्दै उहाँले नगद अनुदानलाई हटाएर आर्थिक विकाससँग जोडिएका प्रविधि ल्याउनुपर्ने सुझाव दिनुभयो। उहाँले देशलाई सफल बनाउन सरकार सक्रिय हुनुपर्ने बताउनुभयो। प्रदेश सरकारले यस वर्षबाट नगद अनुदान हटाएर आर्थिक विकासका कार्यक्रम अगाडि बढाउनुपर्ने बताउनुभयो। बैठकमा सहभागीले प्रदेश सरकारले वन, नदी स्रोत र राजस्व सङ्कलनको विषय निकै जटिल भएकाले सहजीकरण गर्नुपर्ने सुझाव दिनुभएको थियो। उहाँले बैंक निर्माण लगायतका योजनाबारे उल्लेख गर्नुभएको थियो। समन्वय नहुँदा योजना र कार्यान्वयनमा समस्या आएको र योजना दोहोरिएको मुख्यमन्त्री चौधरीले बताउनुभयो।

योजना आयोगका उपाध्यक्ष डा नहकुल केसीले योजनालाई एकीकृत योजनामा राखेर कार्यान्वयन गर्न प्रदेश सरकार तयार रहेको बताउनुभयो। बैठकमा प्रदेश सरकारका मन्त्री, सचिव, विभिन्न निकायका प्रमुख तथा स्थानीय नगरपालिका समितिका मनोनीत जनप्रतिनिधिको सहभागिता रहेको थियो। बैठकमा सरकारको अख्तियार, कार्य सम्पादन, नीति निर्माण र स्वीकृत वार्षिक कार्यक्रमको प्रभावकारी कार्यान्वयनका विषयमा छलफल भएको थियो।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने। |
| बृष | : अवसर प्राप्त। |
| मिथून | : वाद विवादबाट बच्नु। |
| कर्कट | : पुरस्कार प्राप्त लाभ। |
| सिंह | : नयाँ कार्य हुने। |
| कन्या | : बौद्धिक क्षमता। |
| तुला | : प्रतिभा सम्पन्नता। |
| बृश्चिक | : शिक्षामा उन्नति। |
| धनु | : पारिवाहिक सुख। |
| मकर | : धन वृद्धि सञ्चय। |
| कुम्भ | : प्रेम प्रसंग, मित्र सुख। |
| मीन | : सुख समृद्धि हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



जाडोले जनजीवन प्रभावित भइरहेको बेला जलेश्वर नगरपालिकाद्वारा जलेश्वरको ठाउँठाउँमा आगो बाल्नका लागि दाउरा वितरण गरिएको गर्दै । तस्विर :रासस

# प्रधानमन्त्री दाहाल युगान्डा प्रस्थान

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' असंलग्न आन्दोलन (नाम) को १९औँ शिखर सम्मेलनमा सहभागी हुन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै युगान्डा प्रस्थान गरेका छन् । उनी विहिबार बिहान कतार एअरलाइन्सबाट त्यसतर्फ प्रस्थान गरेका हुन् ।

सम्मेलन यही माघ ५ देखि ६ गतेसम्म गणतन्त्र युगान्डाको राजधानी कम्पालामा हुँदैछ । प्रधानमन्त्री नेतृत्वको प्रतिनिधिमण्डलमा उनकी सुपुत्री गङ्गा दाहाल, परराष्ट्रमन्त्री नारायणप्रकाश साउद, परराष्ट्र सचिव सेवा लम्साल, नेपाल सरकारका वरिष्ठ अधिकारीहरू सहभागी छन् ।

प्रधानमन्त्री दाहालले 'साझा विश्व समृद्धिका लागि गहन सहकार्य' विषयको शिखर सम्मेलनमा शुक्रबार सम्बोधन गर्ने कार्यक्रम रहेको छ । सोही दिन प्रधानमन्त्री दाहाल गणतन्त्र युगान्डाका राष्ट्रपति जनरल योवेरी कागुटा मुसेभेनीले प्रतिनिधिमण्डलका प्रमुखहरूको



सम्मानमा आयोजना गर्नुहुने राजकीय भोजमा सहभागी हुनेछ ।

शिखर सम्मेलनकै क्रममा प्रधानमन्त्री दाहालले सहभागी राष्ट्र प्रमुख, सरकार प्रमुख र अन्य उच्च पदस्थ व्यक्तित्वसँग द्विपक्षीय भेटवार्ता गर्नेछ । यसअघि मन्त्रीस्तरीय बैठकमा सहभागी हुन परराष्ट्रमन्त्री साउद यही माघ १ गते राति नै त्यसतर्फ प्रस्थान गरिसकेका छन् ।

शिखर सम्मेलनले मन्त्रिस्तरिय बैठकको प्रतिवेदनमाथि विचार विमर्श गर्ने, सन् २०१९ मा भएको १८औँ शिखर सम्मेलनको नतिजा कार्यान्वयनमा हासिल भएको प्रगतिको समीक्षा गर्ने र कम्पाला घोषणापत्र पारित गरेर टुङ्गो लगाउने बताइएको छ ।

नेपाल असंलग्न आन्दोलनको संस्थापक सदस्य हो र यसको स्थापनादेखि नै सबै नाम शिखर सम्मेलनमा सक्रिय रूपमा सहभागी हुँदै आएको छ । असंलग्नताको सिद्धान्त नेपालको परराष्ट्र नीतिको आधारभूत सिद्धान्तमध्ये एक हो । प्रधानमन्त्री दाहाल भ्रमण सम्पन्न गरी यही माघ ७ गते बिहान काठमाडौं आइपुग्ने कार्यक्रम रहेको छ ।

# सिटिजन्स बैंकद्वारा विद्यार्थीहरुलाई न्यानो कपडा वितरण

**टुडे समाचारदाता**

काठमाण्डु । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत चौदण्डीगढी नगरपालिका ०८, उदयपुरस्थित श्री सरस्वती माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई न्यानो कपडा सहयोग प्रदान गरेको छ । विद्यालयमा अध्ययनरत अधिकांश विद्यार्थीहरु दलित, जनजाति तथा विपन्न परिवारबाट रहेकार उनीहरुको आर्थिक अवस्था सबल नभएको कारण जाडो मौसममा न्यानो कपडा खरिद गर्न कठिनाइ हुने भएकाले ती बालबालिकाहरुलाई न्यानो स्वेटर प्रदानगरिएको छ ।

विद्यालयमा अयोजित एक कार्यक्रमका बीच कक्षा नर्सरी देखी कक्षा १० सम्मका १ सय ९१ विद्यार्थीहरुलाई स्वेटर प्रदान गरिएको छ ।

यसका साथै सिटिजन्स बैंक कालिका नगर शाखा , बुटवलले पनि स्थानीय श्री





मायादेवी जनजागृति आधार भूत विद्यालयका ९० जना विद्यार्थीहरुलाई न्यानो कपडा वितरण गरेको छ । चिसो मौसमका कारण न्यानो कपडाको अभावमा विद्यार्थीहरुको पठन पाठनमा समेत असर परेको हुँदा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विद्यार्थीहरुलाई न्यानो कपडा वितरण गरिएको छ ।

बैंकको यस कार्यबाट न्यून आय भएका परिवारका बालबालिका लाभान्वित भएका छन् । यस कार्यले चिसो मौसममा उनीहरूको शैक्षिक कार्यलाई थोरै भए पनि मद्दत पुग्ने विश्वास बैंकले लिएको छ । आगामी दिनमा पनि बैंकले संस्थागत सामाजिक उतरदायित्व कार्यक्रम अन्तर्गत सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि जस्ता क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रम संचालन गर्ने योजना रहेको कुरा जानकारी गराएको छ । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना १ सय ९० वटा शाखा, १ सय ५१ वटा ए.टि.एम. र ९७ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरुबाट १७ लाख भन्दा बढी ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदानगर्दै आएको छ ।

# बालविवाह न्यूनीकरणमा शिक्षक र विद्यार्थीको सहयोग

**टुडे समाचारदाता**

जलेश्वर । जलेश्वर नगरपालिकाले बालविवाह न्यूनीकरणको लागि शिक्षक तथा विद्यार्थीहरूको सहयोग लिने भएको छ । बालविवाहमा अभिभावकहरूको मुख्य भूमिका रहेको ठम्याउँदै नगरपालिकाले छात्रछात्रा तथा शिक्षकलाई बालविवाह न्यूनीकरणको प्रशिक्षण दिएर अभिभावकहरूलाई जनचेतना जगाउने कार्यमा खटाउने जनाइएको छ ।

जलेश्वर नगरपालिकामा आयोजना गरिएको बालविवाह न्यूनीकरणको लागि रूपान्तरण कार्यक्रममा सहभागी वक्ताहरूले अभिभावकलाई सम्झाउन तथा जनचेतना जगाउन शिक्षक तथा विद्यार्थीहरूको आवश्यकता अपरिहार्य भएको तर्क गरेपछि जलेश्वर नगरपालिकाका उपप्रमुख रौशन खातुनले ती कार्यमा शिक्षक तथा विद्यार्थीलाई खटाउने बताए ।

उनले बालविवाह न्यूनीकरणमा अभिभावकको मुख्य भूमिका भएको तथा अभिभावकसँग नजिक शिक्षक र विद्यार्थी भएकोले उनीहरूलाई प्रशिक्षण दिएर जनचेतना जगाउने कार्यमा लगाइनेछ । प्रशिक्षणपश्चात् शिक्षक तथा विद्यार्थीहरूले पठनपाठनबाट फुर्सद पाएको समयमा बालविवाह न्यूनीकरणको लागि जनचेतना जगाउने कार्य गर्नेछ ।

उपप्रमुख खातुनले स्थानीय सरकारको आगमनसँगै शिक्षाक्षेत्रमा सुधारका साथसाथै बालविवाह तथा बाल





हिंसामा कमी आएको दावी गरिन् । उनले २० वर्ष पुगेपछि मात्रै बिहेवारी गर्ने परम्परा बसाल्न सबै पक्षको भूमिका अपरिहार्य रहेको बताइन् । उनले भनिन्, "समाजको सबै तह-तप्कासँग नजिक बालबालिका तथा शिक्षकहरू रहेकोले उनको भूमिका अझ सशक्त रूपमा हुनुपर्छ।"

युनिसेफको सहयोगमा जलेश्वर नगरपालिका तथा लाइफ नेपालले जलेश्वर नगरपालिकको ९ सामुदायिक विद्यालयमा अध्ययनरत चार जना छात्रछात्रा तथा दुई जना शिक्षकहरूलाई यस कार्यमा खटाउने कार्यको लागि चाँडै प्रशिक्षण दिइने लाइफ नेपालका जिल्ला संयोजक रिंकुकुमारी चौधरीले बताइन् ।

समाजमा व्यापक रूपमा बालविवाह तथा बाल हिंसा भइरहेको बताउदै उनले बालविवाहविरुद्ध अभिभावकहरूलाई जनचेतना जगाउन तथा सो विरुद्ध बालबालिकालाई सशक्त बनाउने उद्देश्यले प्रशिक्षण दिन लागिएको जानकारी दिइन् ।

लाइफ नेपालले महोत्तरी जिल्लाको जलेश्वर नगरपालिकासहित बर्दिबास, मनरासिस्वा नगरपालिका तथा सम्सी र एकडारा गाउँपालिकामा समेत बालविवाह न्यूनीकरणको लागि कार्य गरिरहेको जानकारी दिइन् ।

बालविवाह न्यूनीकरण कार्यक्रम अन्तर्गत बालविवाहको नकारात्मक परिणाम, शिक्षाको महत्व, मनोसामाजिक परामर्श, बालविवाहका न्यूनीकरणबारे शिक्षक, विद्यार्थी, समुदायका सदस्यहरू, विवाह गराउने पुजारी तथा धर्मगुरुहरूलाई समेत यस कार्यमा समेटिने लाइफ नेपालले जनाएको छ ।

नेपालमा बालविवाहको क्षेत्रमा मधेश सबभन्दा अगाडि रहेकोले पनि मधेशमा यो कार्यक्रमले निरन्तरता पाएको देखिएको छ ।

# राजनीतिक दलसम्बन्धी विधेयक सङ्घीय संसद् समक्ष पेस गर्न स्वीकृति दिने

टुडे समाचारदाता

काठमाण्डु । सरकारले राजनीतिक दलसम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्समक्ष पेस गर्न स्वीकृति दिने भएको छ ।

बुधबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकले गरेका निर्णयबारे जानकारी दिन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा विहिबार आयोजित पत्रकार सम्मेलनमा सञ्चारमन्त्री रेखा शर्माले सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-१३ स्थित करेखोलामा चार किल्ला तोकी पशु बधशाला स्थापना गर्न इजाजत दिने निर्णय भएको जानकारी दिईन् ।

सरकारले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश, २०८० जारी गर्न नेपालको संविधानको धारा ११४ को उपधार (१) बमोजिम राष्ट्रपति समक्ष सिफारिस गर्ने भएको छ ।

मन्त्रिपरिषद्ले नागरिक लगानी कोषको कार्यकारी निर्देशक पदमा उदयपुर निवासी पर्वतकुमार कार्कीलाई नियुक्त गर्ने निर्णय गरेको सरकारका प्रवक्ता शर्माले बताए ।

नेपालसरकारकानाममारहेको विराटनगर महानगरपालिका-५ स्थित ०-१३-२-१ बिघा जग्गा नेपाल खानेपानी संस्थान विराटनगर शाखालाई खानेपानी संरचना निर्माण गर्न भाडामा उपलब्ध गराउन स्वीकृति दिने र आगामी चैत १४ देखि १८ सम्म नैरवि र केन्यामा आयोजना हुने यूनाइटेड नेशनलको कार्यक्रममा नेपाल सरकारलाई आर्थिक दायित्व नपर्ने गरी वन तथा वातारणमन्त्री डा वीरेन्द्रप्रसाद महतोलाई सहभागी हुन स्वीकृति दिने पनि सरकारको निर्णय छ ।

"बर्दिबास मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजनालाई सर्तहरु पालना गर्ने गरी महोत्तरी जिल्लाको बर्दिबास नगरपालिका-४ मा पर्ने माईस्थान सामुदायिक वन क्षेत्रको ५४,५८४ हेक्टर जग्गा प्रयोग गर्न दिन र सो जग्गामा रहेका विभिन्न प्रजातीका १९६७ गोटा रुख/पोल हटाउन स्वीकृति दिने निर्णय भएको छ", मन्त्री शर्माले भनिन् ।

त य सै ग री मन्त्रिपरिषद्ले सांस्कृतिक संस्थानको रिक्त महाप्रबन्धक पदमा सानीभेरी गाउँपालिका-६, रुकुमका किरणबाबु पुनलाई नियुक्त गर्ने, खुर्कोट जग्गा एकीकरण आयोजनाको लागि करिब ६७७ रोपनी जग्गा प्राप्त गर्न स्वीकृति दिने, घारीगाउँ (चौरजहारी नयाँ सहर) जग्गा एकीकरण आयोजनाको लागि करिब पाँच सय ८५ रोपनी जग्गा प्राप्त गर्न स्वीकृति दिने, नरदेवी आयुर्वेद चिकित्सालय विकास समितिको अध्यक्ष पदमा काठमाडौं निवासी रमेशचन्द्र न्यौपानेलाई मनोनयन गर्ने, शहीद गङ्गालाल राष्ट्रिय हृदय केन्द्रको कार्यकारी निर्देशक पदमा म्याग्दी निवासी डा रवि मल्ललाई मनोनयन गर्ने, रामराजासिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समिति (गठन) आदेश, २०८० स्वीकृत गर्ने, ग्रीन हाइड्रोजन नीति, २०८०, स्वीकृत गर्ने र बढुवा समितिको सिफारिस बमोजिम विभिन्न सेवा, समूह र उपसमूहका राजपत्राङ्कित द्वितीय क्षेणीका अधिकृतलाई सम्बन्धित सेवा, समूह र उपसमूहका पदमा बढुवा नियुक्ति गर्ने निर्णय गरेको छ ।

सरकारले मालपोत नियमावली, २०३६ को नियम ४(क) को उपनियम (१) बमोजिम विभिन्न सूचना नेपाल राजपत्रमा प्रकाशित गर्न स्वीकृति दिने पनि निर्णय गरेको छ ।

# 'ऊर्जाबाटै व्यापार घाटा घटाउन सकिन्छ'

**टुडे समाचारदाता**


काठमाण्डु । उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले व्यापार घाटा घटाउने र मुलुकलाई आर्थिक समृद्धिको दिशामा अगाडि बढाउने प्रमुख साधन भनेकै जलविद्युत् भएकाले त्यसलाई सरकारले प्रमुख प्राथमिकतामा राखेको बताएका छन् ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इपान)को २४औँ वार्षिकोत्सवका अवसरमा विहिबार आयोजित कार्यक्रममा मन्त्री श्रेष्ठले सरकार र निजी क्षेत्रको सार्थक पहलबाट मात्रै मुलुकको ऊर्जा क्षेत्रले फड्को मार्नसक्ने बताए । देशभित्र बिजुलीको खपत बढाउनुपर्नेमा जोड दिँदै उनले बचेको बिजुली बेचे व्यापारघाटा कम गर्न सरकार लागेको बताउनुभयो ।

ऊर्जा क्षेत्रमा लगानीका लागि सहज वातावरण बनाउन सरकार प्रतिबद्ध रहेको दोहोऱ्याउँदै उपप्रधानमन्त्री श्रेष्ठले नेपाली जनताको आर्थिक समृद्धिको चाहना साकार पार्न वर्तमान सरकार क्रियाशील छ भने । उनले भने, "आर्थिक समृद्धि, सामाजिक न्याय र सुशासन सरकारका प्रमुख प्राथमिकता हुन् । "

आगामी वैशाखमा लगानी सम्मेलन आयोजना हुन लागेको जानकारी दिँदै मन्त्री श्रेष्ठले ऊर्जा क्षेत्रमा वैदेशिक लगानी भित्'याउन कानुनी, संरचनागत सुधारका लागि सम्बन्धित निकायसँग छलफल गरेर निष्कर्षमा पुर्याइने बताए । भारतसँग १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यात गर्ने सहमति भएको भए पनि आन्तरिक खपत वृद्धि गर्ने विषय नै प्रमुख प्राथमिकतामा रहेको उनले बताए ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले मुलुकको ऊर्जा क्षेत्रमा निजी क्षेत्रको ६० प्रतिशत योगदान रहेको उल्लेख गर्दै सरकार र निजी क्षेत्रको साझेदारीमा मात्र





समृद्ध नेपाल निर्माणको सङ्कल्प पूरा हुने बताए ।

निजी क्षेत्रले अगाडि सारेका माग सम्बोधन गर्न सरकार प्रतिबद्ध रहेको र जायज विषयलाई सम्मान गर्दै अगाडि बढेको उनले स्पष्ट पारे । पछिल्लो एक दशकमा आठ सय मेगावाट क्षमताबाट तीन हजार मेगावाट बिजुली उत्पादन हुन थालेको तथा ९८ प्रतिशत घरमा विद्युत् सेवा पुगेको तथ्य पेस गरे । वर्षायाम र सुक्खायामका बीचमा ऊर्जा उत्पादनमा रहेको अन्तर पूरा गर्न आजैदेखि नयाँ ढङ्गले सोच्नुपर्ने उनले बताए ।

मन्त्री बस्नेतले निर्माणाधीन आयोजनालाई शीघ्ररूपमा सम्पन्न गर्ने वातावरण बनाउनैपर्ने, जलाशययुक्त आयोजनालाई प्राथमिकतामा राख्नुपर्ने र ऊर्जा मिश्रण अवधारणालाई सँगसँगै अगाडि बढाइने छ बताए । सरकारले ऊर्जा क्षेत्रलाई पूर्वाधारको रूपमा मात्रै नहेरेको बताउँदै उनले आर्थिक समृद्धिको प्रमुख आधारका रूपमा ऊर्जा क्षेत्रलाइ स्वीकार गरिएकाले निश्चिन्त भएर लगानी गर्न निजी क्षेत्रलाई आग्रह गरे ।

मन्त्री बस्नेतले निजी क्षेत्रलाई आफ्नो जिम्मेवारी पूरा गर्न आग्रह गर्दै भने, "उत्पादन अनुमतिपत्र लिइसकेपछि १० वर्षभन्दा बढी समय उल्लेख्यरूपमा काम किन हुन सकेन, म तपाईंहरूको ध्यानाकर्षण गराउँछु । म इपानको जिम्मेवारीपूर्ण पहलका लागि आग्रह गर्दछु ।" उनले विद्युत् खरिद सम्झौता (पिपीए)का विषयमा धेरै चिन्ता नगर्न आग्रह गर्दै भने, "तपाईंहरू यति काम गर्छौं भनेर आउनुस् । तपाईंहरूको ठाउँबाट गर्नुपर्ने काम पूरा गरेर आउनुस् । मन्त्रालयको तर्फबाट सहजीकरण गर्ने वातावरण बन्छ । निजी क्षेत्रको माग सम्बोधन गर्न सरकार तयार छौं ।"

इपानका अध्यक्ष गणेश कार्कीले मुलुकको ऊर्जा क्षेत्र सकारात्मकरूपमा अगाडि बढेको उल्लेख गर्दै विद्युत् खरिद सम्झौतालगायतका माग सम्बोधन गर्न आग्रह गरे । उनले ऊर्जा क्षेत्रका सुरक्षा चुनौती सम्बोधन गरिदिन सरकारको ध्यानाकर्षण गराए ।

# मिर्चैया नगरपालिकामा राहदानी सेवा सुरु

**टुडे समाचारदाता**


सिरहा । सिरहाको मिर्चैया नगरपालिकाले बुधबारदेखि स्थानीयस्तरबाटै राहदानी (पासपोर्ट) वितरण सेवा सुरु गरेको छ । नगरप्रमुख श्रवणकुमार यादवले मिर्चैया-६ की शर्मिलाकुमारी घिमिरेलाई राहदानी हस्तान्तरण गर्दै सेवा सुरु गरेका छन् ।

"अब पालिकावासी राहदानीका लागि सदरमुकाम सिरहास्थित जिल्ला प्रशासन कार्यालय पटक-पटक धाउनुपर्ने बाध्यता हटेको छ", नगरप्रमुख यादवले भने, "आगामी दिनमा यसलाई अझै प्रभावकारी र चुस्त बनाउने छौं ।"

उनका अनुसार बायोमेट्रिकबाहेक आवेदनलगायतका सम्पूर्ण काम पालिकाबाटै हुने भएको छ । स्थानीयस्तरबाट राहदानी पाउने भएपछि स्थानीय खुसी भएका छन् ।

नागरिकलाई सहज होस् भनेर जिल्ला प्रशासन कार्यालयसँगको समन्वयमा सो कार्यालयबाट प्राप्त राहदानी पालिकाबाट नै वितरण सुरु गरिएको उनले जानकारी दिए ।

जनकपुर टुडे
२०८० साल माघ ५ गते शुक्रबार (19 January, Friday, 2024)



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

# प्राङ्गारिक उत्पादन अध्ययनको केन्द्र होलीग्रिन

**मिला दरै**

नेपाल कृषि प्रधान देश हो । यद्यपि खाद्यान्न आयात गर्नुपर्ने अवस्था छ। स्वदेशमै उत्पादन वृद्धि गरी आयातलाई निर्यातमा परिणत गर्ने उद्देश्यले सङ्घ, प्रदेश र स्थानीय सरकारले कृषिलाई प्राथमिकतामा राखेका छन्।

उत्पादन वृद्धि गर्ने हेतुले अहिले कृषि र प्रविधिलाई विशेष प्राथमिकता दिए पनि तीनै तहका सरकारले प्राङ्गारिक उत्पादनलाई जोड दिएका छैनन् । प्राङ्गारिक उत्पादनलाई जोड दिने भनिए पनि रासायनिक मल, विषादी प्रयोग न्यूनीकरण गर्न सकिएको छैन। कृषिलाई प्राथमिकता दिँदै प्राङ्गारिक उत्पादनमा युवालाई परिचालन गर्न आवश्यक छ।

प्राङ्गारिक उत्पादनलाई प्राथमिकतामा राखी खेती गर्दै आउनुभएका शुक्लागण्डकी नगरपालिका-३ स्थित होलीग्रिन एग्रो फार्मका सञ्चालक महेन्द्रकुमार श्रेष्ठ भन्नुहुन्छ, "जैविक र प्राकृतिक कृषिबाट व्यावसायिक र आत्मनिर्भर बन्नुपर्छ।" प्राङ्गारिक र वास्तविक स्वाद रहेका खानामा पर्यटक आकर्षित भएकाले यस प्रविधिलाई जोगाउन कृषि क्षेत्रमा लाग्न आवश्यक ठानिएको श्रेष्ठ बताउनुभयो।

पाँच वर्ष फोटोग्राफी र पर्यटन प्रवर्द्धनमा लाग्नुभएका श्रेष्ठ पछिल्लो समय कृषि क्षेत्रमा लाग्नुभएको हो । बायोडाइनामिक कृषि तरिकाले जैविक विविधता र वातावरणमैत्री बनाउन आवश्यक रहेको उहाँ बताउनुहुन्छ। खेतीको मौसमअनुसार उहाँ प्राङ्गारिक मल तयार गरी खेतीपाती गर्दै आउनुभएको छ। जसले गर्दा खाद्यान्नको स्वाद र खपत हुने गर्दछ। वास्तविक स्वाद र खपतले नै यस फार्म स्वदेश तथा विदेशबाट अध्ययनका लागि आउने गरेको उहाँ बताउनुहुन्छ।

श्रेष्ठ भन्नुहुन्छ, "विदेशबाट अध्ययनका लागि आउने किसानलाई राख्न सक्ने अवस्था छैन । तर यस फार्मका बारेमा थाहा पाएका विदेशी किसान अध्ययनमा आउन समय माग्ने र आउने क्रम बढ्दै गएको छ । स्वदेशकै कृषि अध्ययनरत विद्यार्थीदेखि प्राध्यापक विद्यार्थी लिएर आउन आतुर छन्। समय मिलाउनै मुस्किल भएको छ।" समयअनुसार मलको व्यवस्थापनदेखि विभिन्न आवश्यक काम भए पनि यहाँ अध्ययनमा आउने किसानलाई समय दिन नसकेको उहाँ बताउनुहुन्छ।

प्राङ्गारिक खेतीलाई प्रवर्द्धन गर्न आवश्यक रहेको श्रेष्ठ बताउनुहुन्छ। "यहाँको माटो र प्रकृतिसँगै उत्पादन हुने स्वादको संरक्षण आवश्यक भएकाले किसानले बढी उत्पादनभन्दा गुणस्तरीयतामा ध्यान दिनुपर्छ । यसले देशलाई अध्ययनको केन्द्र बनाएर पर्यटक अझै वृद्धि गर्न टेवा पुग्नेछ", उहाँ भन्नुहुन्छ, "पर्यटक बढी आउनु हाम्रो देशको आयस्तर वृद्धि नै हो।"

व्यवस्थापन सङ्कायमा स्नातकोत्तर गर्नुभएका श्रेष्ठले १२ रोपनी क्षेत्रफलको जग्गामा होलीग्रीन एग्रो फार्म सञ्चालन गरी प्राङ्गारिक उत्पादन गर्दै आउनुभएको छ । पर्यटकलाई नेपालमा बढीभन्दा बढी भित्र्याउने सरकारको लक्ष्यलाई पूरा गर्न प्राङ्गारिक उत्पादनलाई विशेष प्राथमिकतामा राख्नुपर्ने उहाँको धारणा छ । प्राङ्गारिक खाद्यान्नमा पर्यटकको आकर्षण भएकाले यसलाई सरकारले ध्यान दिनुपर्ने र यसले नेपाल नै कृषि क्षेत्रको अध्ययनको केन्द्र बन्नसक्ने उहाँको भनाइ छ।

नेपालमा आउनु नै पर्यटक वैज्ञानिक अध्ययनअनुरूप प्राङ्गारिक कृषि उत्पादन प्रमुख हुन जरुरी रहेको श्रेष्ठको अनुभव छ । उहाँको फार्ममा समयअनुसारका विभिन्न प्रजातिका बोटबिरुवा, फलफूल, खाद्यान्न उत्पादन हुँदै आएका छन् । फलफूल, खाद्यान्नको वास्तविक स्वादलाई बचाउन प्राङ्गारिक उत्पादनलाई जोड दिनुपर्ने उहाँ बताउनुहुन्छ। प्राङ्गारिक खाद्यान्न उत्पादनका लागि विभिन्न प्रविधि र रासायनिक प्रयोगभन्दा पनि प्रकृति र ग्रहहरूको चक्रीय प्रणालीअनुरूप हुने उत्पादनमा कृषिको नियमलाई किसानले बुझ्न जरुरी रहेको श्रेष्ठको बुझाइ छ।

खाद्यान्नको वास्तविक स्वादसहितको उत्पादनका लागि 'फोर्स ग्रोथ' भन्दा समयानुकूल वातावरण बनाउनुपर्ने उहाँको अनुभव छ। वास्तविक स्वाद आउनेगरी उत्पादनका लागि उर्वर माटो बनाउन जरुरी रहने श्रेष्ठ बताउनुहुन्छ। युरिया, पोटासलगायतका केमिकलयुक्त मलको प्रयोगबाट गरिएको उत्पादनले स्वास्थ्यलाई असर गर्नुका साथै वास्तविक स्वाद नपाइने उहाँ बताउनुहुन्छ।

प्राङ्गारिक उत्पादनको प्रवर्द्धन गर्नुपर्छ भन्ने हेतुले कृषि क्षेत्रमा लाग्नुभएका श्रेष्ठ भन्नुहुन्छ, "मलाई स्थानीयले पढेर पनि कृषिमा लागेको भनेर पागल भन्ने गर्थे । तर अहिले उत्पादनसँगै प्राङ्गारिक खाद्यवस्तु उत्पादनले पहिचान फेरिएको छ। आफूले उत्पादन गरेको खाद्यान्नको मागसमेत वृद्धि भएको छ। फार्मलाई प्रशिक्षण तथा अध्ययनको केन्द्र बन्दै गएको छ।"

छिमेकका गाउँबाट किसान श्रेष्ठसँग परामर्श लिने गरेको उहाँ बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "आफ्नो फार्म अध्ययनको केन्द्र बनाउने योजना विस्तारै पूरा हुँदै गएको छ । केही देशसम्म पुगेर प्रशिक्षण दिने अवसर मिलेको छ।" बिदाको समयमा कलेज, विद्यालयमा अध्ययनरत विद्यार्थी प्रयोगात्मक कृषि अध्ययनका लागि आउने गरेको उहाँले जानकारी दिनुभयो।

सीमित विद्यार्थी तथा किसानलाई फार्ममै बसेर अध्ययन गर्ने वातावरण बनाउन सफल भएको उहाँ बताउनुहुन्छ। प्राङ्गारिक उत्पादनलाई प्रवर्द्धन गर्न ग्लोबल फोरमसम्म पुर्याउने लक्ष्यका साथ विदेशसम्म पुगेर कृषि अध्ययनमा सहभागी हुने अवसर मिलेको उहाँ बताउनुहुन्छ।

**स्वदेश तथा विदेशका किसानको अध्ययनको केन्द्र**

फार्ममा स्वदेश तथा विदेशबाट किसान र कृषिका विद्यार्थी अध्ययन तथा अवलोकनमा आउने गरेको श्रेष्ठ बताउनुहुन्छ। बायोडाइनामिक कृषि तरिकाले जैविक विविधता र वातावरणमैत्री माटो बनाउन विद्यार्थी, युवा तथा ग्लोबल फोरममार्फत प्रवर्द्धन गर्नुपर्ने उहाँको भनाइ छ।

श्रेष्ठ भन्नुहुन्छ, "केही समय अगाडि मात्रै यो फार्ममा विदेशबाट नेपालमा विदेशी आउने गरेका पाइन्छन् । जैविक पद्दतिबाट प्राङ्गारिक उत्पादनलाई प्राथमिकता दिँदै अध्ययनमा आउने विदेशी, कृषिका विद्यार्थी र किसानलाई प्राङ्गारिक उत्पादनमा प्रोत्साहन गर्न आफैँले स्वअध्ययन गर्न फार्म स्थापना र सञ्चालनमा ल्याएको हुँ ।" सबैभन्दा पहिले आफैँले स्वअध्ययनबाट काम गर्न सके प्राङ्गारिक उत्पादन गर्न सकिने र स्वास्थ्यमा हुने हानीलाई न्यूनीकरणमा मद्दत पुग्ने उहाँको बुझाइ छ।

प्राङ्गारिक उत्पादनले नै विदेशीलाई आकर्षण गर्न सहयोग पुग्ने भएकाले अहिलेदेखि नै यसलाई प्राथमिकताका साथ सबै तहबाट साथ हुन आवश्यक रहेको उहाँ बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "विदेशीको कृषि अध्ययनको केन्द्र बनाउन हामीले विषादि, विकासे मल प्रयोगलाई घटाउँदै लानुपर्छ । प्राकृतिक तवरबाट खेती गर्नतर्फ किसानलाई प्रोत्साहन गर्नुपर्छ । यसले एक जना किसानलाई मात्र नभई देशलाई नै फाइदा पुग्नेछ।"

**प्राकृतिक उत्पादन प्राथमिकतामा**

प्राकृतिक उत्पादनलाई प्राथमिकतामा राखी प्राङ्गारिक खाद्यान्न वृद्धि गर्न ग्लोबल फोरममा पुर्याउन सके नेपालको पहिचानमा समेत टेवा पुग्ने श्रेष्ठ बताउनुहुन्छ। जीव विज्ञान र माटोको अध्ययनबाट नै आफू कृषिमा आकर्षित भएको उहाँ बताउनुहुन्छ । जीव, प्रकृति, वातावरण, वास्तु तथा अन्तरिक्षको विज्ञानअनुसार कृषि पेसा गर्नसके उत्पादन अर्ग्यानिक हुने उहाँको बुझाइ छ।

अध्ययनलाई आफूले प्रयोगमा ल्याउने गरेको र सधैँ अध्ययन र अनुसन्धान गर्दै कृषि कर्म गरिरहेको उहाँ बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "तालिमभन्दा स्वअध्ययनले आफूलाई अर्ग्यानिक खेतीमा आकर्षित गरेको हो । किसानले बाहिर खर्च गर्ने होइन भन्ने मान्यता छ।" श्रेष्ठको फार्ममा एक सयभन्दा बढी प्रजातिको फलफूल तथा कृषि उत्पादन हुने उहाँ बताउनुहुन्छ। प्राङ्गारिक तथा जैविक विविधतायुक्त खाद्यान्न उत्पादन गर्दै आएको उहाँ बताउनुहुन्छ।

**जति घाँस उति माटो उर्वर**

किसान खेतबारीमा घाँस बढी भएमा दिक्क मान्ने गरेका हुन्छन् । तर जति खेतबारीमा घाँस उम्रिएको पाइन्छ, उति नै माटो उर्वर हुने किसान श्रेष्ठको भोगाइ छ। वास्तुशास्त्र र धार्मिक मान्यतासँग कृषि उत्पादनसमेत एकापसमा जोडिएको श्रेष्ठ बताउनुहुन्छ।

प्रकृति, धार्मिक, वास्तुशास्त्र र ज्योतिषशास्त्रसमेत कृषि उत्पादनसँग जोडिएर रहने गरेको उहाँको प्रयोगात्मक विश्वास छ । प्राकृतिक उत्पादन गरिएको ठाउँमा चराचुरुङ्गी, कीरा, फट्याङ्ग्रा आउने र कृषि उत्पादनमा प्राकृतिक मल प्राप्त हुने उहाँ बताउनुहुन्छ । खेती गर्दा खेतबारीको छेउछाउमा रूखबिरुवा लगाएमा विभिन्न रोगको समेत निराकरण गर्न सकिने उहाँको अध्ययनले प्रमाणित गरेको बताउनुहुन्छ।

**भौतिक पूर्वाधारको विकास जरूरी**

कृषि उत्पादनलाई प्रवर्द्धन र विकासका साथै आयस्तर वृद्धि गर्नका लागि भौतिक पूर्वाधार विकास गर्नुपर्ने श्रेष्ठ बताउनुहुन्छ। कृषिमा आत्मनिर्भर बनाउनका लागि बजार व्यवस्थापन गर्न जरुरी रहेको उहाँ बताउनुहुन्छ । कृषि उत्पादन गरेपछि बजारसम्म पुर्याउनका निम्ति सडक, यातायात र सञ्चारको सुविधा हुनुपर्ने उहाँको भनाइ छ। कृषिलाई अनुदान दिनुभन्दा यी तीन क्षेत्रको विकास गर्नसके उत्पादित कृषि उपजको बिक्री वितरणमा सहज हुने प्रयोगात्मक अध्ययनले देखाएको श्रेष्ठ बताउनुहुन्छ।

**प्राङ्गारिक मल उत्पादन र प्रयोग**

किसानलाई आफ्नो थोरै जग्गामा लगाइएको खेतबारीबाट धेरै उत्पादन लिने अपेक्षा हुन्छ। छोटो समयमा धेरै उत्पादन गर्नका लागि किसानले फोर्स ग्रोथ गराउने गरेकोप्रति उहाँको चिन्ता छ। प्राकृतिकरूपमै उत्पादन धेरै गर्न सकिने उहाँको प्रयोगात्मक अध्ययन छ। कृषि उपजको अर्ग्यानिक स्वाद ल्याउनका लागि उहाँले माटोलाई उर्वर बनाउन आफैँले प्राङ्गारिक मल उत्पादन गर्नुहुन्छ। माटोलाई आवश्यक पर्ने मल, कीरा फट्याङ्ग्रा भगाउनका लागि औषधिसमेत आफैँ घरमा बनाउने बनाउनुहुन्छ।

बजारमा आउने गरेको रासायनिक मलको प्रयोग भने खेतबारीमा प्रयोग गर्नु हुँदैन । प्राङ्गारिक उत्पादनका लागि आवश्यक पर्ने मलसमेत आफैँले निर्माण गर्ने विभिन्न तरिका रहेको बताउँदै उहाँले अध्ययन र प्रयोग गर्दै आउनुभएको छ।

**खाद्यान्नको खपत**

धेरै ठाउँका किसानले उत्पादन गरेका खाद्यान्न, फलफूलले बजार नपाएको भन्ने गुनासो आउने गरेको छ। तर उहाँको फार्ममा उत्पादित वस्तुको भने बढिरहेको छ। बजारको मागअनुसारको वस्तु पुर्याउन नसकेको उहाँ बताउनुहुन्छ । फार्ममा उत्पादित वस्तुमा वास्तविक स्वाद भएकाले धेरै ठाउँबाट पहिले नै माग गर्ने गरेको उहाँ बताउनुहुन्छ।

श्रेष्ठको फार्ममा उत्पादित धान, मकै, गहुँ, भटमासलगायतका खाद्यान्न धेरै ठाउँमा खपत हुँदै आएको छ । स्थानीय बजारमा नै यस फार्ममा उत्पादित वस्तुले बजार पाउने गरेको उहाँ बताउनुहुन्छ । मकैका विभिन्न प्रजाति, भटमास, धानको समेत धेरै प्रजाति लगाउने गरेको र उत्पादनसमेत राम्रो रहेको उहाँ बताउनुहुन्छ।

प्रकृतिको चक्रीय प्रणालीलाई अवलम्बन गर्नसके उत्पादनमा वृद्धि हुने होली एग्रोका सञ्चालक श्रेष्ठ बताउनुहुन्छ। एउटै ठाउँमा सधैँ एउटै प्रजातिका कृषिखेती गर्दा पनि उत्पादनमा कमी आउने उहाँको बुझाइ छ । चक्रीयरूपमा कृषि कर्म गर्नसके उत्पादन मनग्य हुने उहाँको अध्ययनले बताउँछ।

श्रेष्ठ भन्नुहुन्छ, "एक वर्ष धान लगाइएको ठाउँमा अर्को वर्ष मकै लगाउने गर्नुपर्छ। मकै लगाइएको ठाउँमा अर्को वर्ष अरू खेती गर्नुपर्छ। अनिमात्रै उक्त स्थानको माटो मलिलो हुन्छ । उत्पादनमा ह्रास आउँदैन।" सधैँ एकै प्रकारका खाद्यान्न बाली लगाउनुभन्दा वर्षैपिच्छे फेर्न सकिएमा त्यसबाट उत्पादनमा पर्ने नोक्सानी व्यहोर्नु नपर्ने उहाँ बताउनुहुन्छ।

**रासायनिक मल र विषादिबिनाको खेती**

आजकल रासायनिक मलबिना खेती नै हुँदैन भन्ने धारणालाई चिर्दै आएको छ होली ग्रिन एग्रो प्रालि । रासायनिक मल अभावले खेती भएन भन्दै आएका किसानलाई प्राङ्गारिक खेतीतर्फ प्रोत्साहित गर्दै आएको छ। किसानले पर्याप्त नभएको भनी गर्दै आएको गुनासोलाई चिर्नु आवश्यक देखिन्छ।

उत्पादन बढी लिने आसले किसानले कालोबजारीका रासायनिक मल खरिद गर्ने गरेका छन् । रासायनिक मलबिना खेती सप्रिँदैन भन्ने भ्रम चिर्नुपर्ने सरकारको प्राथमिकता हुनुपर्छ। अधिंकाश किसान रासायनिक मल र विषादिमा बानी परे पनि रासायनिक मल बिना पनि खेती सम्भव छ भन्ने तथ्यलाई केही किसानले भने पुष्टि गरेका छन्।

किसान महेन्द्र श्रेष्ठले अर्ग्यानिक खेती गर्दै आउनुभएको करिब १२ वर्ष भयो। बायोडायनामिक खेती पद्दतिबाट स्वअध्ययन गरेर त्यसैको प्रयोग गरिरहनुभएका श्रेष्ठ रासायनिक मलले देशलाई ठूलो नोक्सानी पुर्याइरहेको बताउनुहुन्छ। रासायनिक मलले एकाध वर्ष केही बढी उत्पादन दिए पनि यो दीर्घकालीन समाधान नभएको र बर्सेनि माटोको उर्वरशक्ति नष्ट गरिरहेको उहाँ बताउनुहुन्छ।

"रासायनिक मल र विषादीले कालान्तरमा हामीलाई रोगी बनाउँछ। मानिस लागुऔषधको कुलतमा फसेजस्तै रासायनिक मलले माटोलाई दुर्व्यसनयुक्त बनाउँछ । माटोलाई सधैँभरि स्वस्थ र जीवित राख्न दिँदैन।" श्रेष्ठले घर वरपर, खेतबारी, वनजङ्गलमा नै पाइने झारपात र घरमै पालिएका पशुको गोबरबाट जैविक मल उत्पादन गर्नुहुन्छ।

गोबर, सिस्नो, आख्लेझारलगायत विभिन्न झारको प्रयोग गरेर तयार पारिने मलले जमिनलाई स्वस्थ बनाउनुका साथै सुक्ष्म जीवाणु बचाउन तथा बढाउन, बोटविरुवाको जरा मजबुत बनाउन, वास्तविक स्वादयुक्त गुणस्तरीय उपज उत्पादन गर्न मद्दत पुर्याउने बताउनुहुन्छ। "प्राङ्गारिक मल बनाउन चाहिने स्रोत हाम्रै वातावरणमा छन् । मल हुने कच्चा पदार्थलाई हामीले फोहर सम्झेर फलिरहेका छौँ। हाम्रै वरपर औषधीय मूल्यवान झारपात, बोटबिरुवा छन्। खेतीमा आवश्यक हुने जैविक औषधि उत्पादन गर्न सकिन्छ", उहाँ भन्नुहुन्छ।

बजार सीमित व्यक्तिको कब्जामा भएकाले प्राङ्गारिक उत्पादन गर्ने किसानलाई प्रोत्साहन नमिलेको श्रेष्ठ बताउनुहुन्छ । सरकारले नै प्राङ्गारिक खेती पद्दती गर्ने, रैथाने उत्पादन बढाउने र त्यसको बजारीकरण गर्ने नीति लिइनुपर्ने उहाँको भनाइ छ। उहाँ भन्नुहुन्छ, "प्रायः सबै किसानले मकै लगाउँछन्। हामी मकै फलाउँछौँ तर मकैको कुकिज विदेशको खान्छौँ । मकैबाट धेरै चिज बनाउन सकिन्छ तर हाम्रो ध्यान त्यता छैन, मकै केबल पशु आहारामात्रै भइरहेको छ । जबकि पशुलाई हामी घाँसले मात्रै पनि पाल्न सक्छौँ।"

एक अञ्जुली माटोभित्र छान्नै नसकिने अथाह जीवाणु छन्। योचाहिँ जीवाणु चाहिँदैन भनेर विष हाल्दा त अरु धेरै जीवाणु मर्ने गर्दछन् । जसले गर्दा उत्पादन गरिएको खानामा विषादी मिसिएको हुन्छ । मानिसको स्वास्थ्य जैविक विविधतासँग जोडिएकाले सचेत हुन आवश्यक रहेको छ । यसको कार्यान्वयनका लागि किसानलाई जानकारीको खाँचो छ भने सरकारले नीति ल्याउन ढिला गर्न नहुनेमा विज्ञको अध्ययनले बताएको छ।

## सम्पादकीय

### काम त भएको छ

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले एक वर्षको कार्यकाल पूरा गरेका छन् । उनले पहिलो वर्षमा अपेक्षाकृत काम गर्न नसकेको टिप्पणीहरु भइरहेको बेला सार्वजनिक गरेका तथ्यांकमा काम त भएको देखिएको छ । मुख्यमन्त्री यादवले कानुन बनाउनु भन्दा कानुनको कार्यान्वयनमा बढी जोड दिएको देखिन्छ । अनियमित रुपमा हुने खर्चलाई न्यून गरी प्रदेशमा आर्थिक अनियमिततालाई नियन्त्रण गर्ने प्रयास गरेका छन् । मधेश प्रदेशमा कर्मचारीको कारण द्रुतगतिमा काम बढन सकेको छैन् । तर निजामती कर्मचारी ऐनलाई नै संघीय सरकारलाई तुरुन्त ल्याउन अत्यधिक दवाव बनाउन सफल मुख्यमन्त्री यादवले प्रहरी समायोजनका लागि पनि संघीय सरकारमाथि दबाब बनाएका छन्। संघीयताको जननी र त्यसको संरक्षकको रुपमा रहेको मधेश प्रदेशले संघीयतालाई संस्थागत गर्न संविधान अनुसार प्रदेशले पाउनु पर्ने अधिकारका लागि सशक्त रुपमा अगाडि बढेको छ। संघीयताका लागि लड्ने दलका नेताहरुले पहिचानको आधारमा राज्य बनाउने मुद्दालाई उठाए पनि हाल पछि हटिसकेको अवस्था छ। देशको ७ वटा प्रदेश मध्ये मधेश प्रदेश मात्र पहिचानलाई आधार बनाएर नामकरण गरिएको छ । वर्तमान मुख्यमन्त्री यादव सभामुख भएको कार्यकालमा घोषणा भएको मधेश प्रदेशले संघीयतालाई संस्थागत गर्न संघीय सरकारसित लडाई लडिरहेको छ। देशका ठूला दलका शीर्ष नेताहरु मध्ये कतिपयले संघीयतालाई समाप्त पार्ने अनेक प्रपञ्च गरिरहेका छन् । बाहिर संघीयताको पक्षमा बोले पनि भित्रबाट उनीहरुले संघीयतालाई समाप्त पार्न लागिपरेका छन्। त्यस विरुद्ध लडिरहेका मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले विगतमा भ्रष्टाचार, आर्थिक अनियमितता लगायतका विषयमा बदनाम रहेको प्रदेशको प्रतिष्ठालाई उकास्न पनि दत्तचित भएर लागेका छन्। विगतको सरकारले हरेक निर्वाचन क्षेत्रमा ३५ किलोमिटर कालोपत्रे सडक निर्माणको घोषणा गरे पनि आवश्यक बजेट बिनियोजन नगर्दा नारामा मात्र सीमित रहेको थियो । तर मुख्यमन्त्री यादवले ती सडकहरुको काम चैत मसान्त भित्र सम्पन्न हुने गरी गर्न निर्देशन दिइसकेका छन्। मुख्यमन्त्री यादवले आफ्नो कार्यकालमा विकास निर्माण सम्बन्धी कुनै पनि बजेट नराखी सोझै मन्त्रालयलाई पठाएका छन् । मुख्यमन्त्री कार्यालयले हाल दैनिक कार्य प्रयोजनका बाहेक अन्य कुनै प्रकारको बजेट परिचालन गर्दैन् । प्रदेशका मुख्यमन्त्रीले विकास निर्माण, शान्तिसुरक्षा, सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य, पूर्वाधार लगायतका कामहरुको अनुगमन गर्ने हो। त्यसले प्रदेशमा हुने ढिलासुस्ती र आर्थिक अनियमिततामा निकै कमी आउने निश्चित छ।मधेश प्रदेश सरकारको एक वर्ष समग्रमा सफल मान्नु पर्छ।

# शालिकमा ठडिएको 'राष्ट्रियता'

**मनिकर कार्की**

गएको पुस २७ गते पृथ्वीनारायण शाहको जन्मजयन्तीलाई 'राष्ट्रिय एकता दिवस'को रूपमा मनाइयो । सो अवसरमा खासगरी सरकार, सेना र केही राजनीतिक दलहरूले फरक-फरक कार्यक्रमहरू गरे । राजधानीका विभिन्न कार्यक्रममा राष्ट्रपतिदेखि प्रधानमन्त्री र उच्च ओहोदाका व्यक्तिहरूले पृथ्वीनारायण शाहको योगदानको चर्चा मात्र गरेनन्, उनलाई विगतमा जस्तै 'राष्ट्रनिर्माता'कै रूपमा सम्मान पनि गरे।

सञ्चारमाध्यमहरूमा आएका समाचार अनि सामाजिक सञ्जालहरूमा छाएको गतिविधि नियाल्दा विभिन्न साहित्यिक संस्था, सामाजिक संघ-संस्था, क्लबदेखि व्यावसायिक प्रतिष्ठानहरूले समेत 'राष्ट्रिय एकता दिवसको शुभकामना' लेखिएको डिजिटल शुभकामना पत्रहरू प्रकाशन गरेको देखियो।

कार्यक्रमका झाँकीहरूकै शृङ्खलामा राष्ट्रिय प्रजातन्त्र पार्टीले सरकारका प्रधानमन्त्री सहित सबै राजनीतिक दलका शीर्ष नेताहरूलाई एकैठाउँ बोलाएर पृथ्वीनारायण शाहको योगदानबारे चर्चा गरायो । यस वर्ष सन् २००८ मा गणतन्त्र घोषणा भएसँगै केही वर्ष कटौतीमा परेको सार्वजनिक बिदा विगत दुई वर्षदेखि पुनर्बहाली भएको छ।

देशका विभिन्न स्थानमा विगतमा हटाइएका पृथ्वीनारायण शाहको शालिक पुनःस्थापना गर्ने काम जारी छ। त्यस्तै अन्य कतिपय ठाउँहरूमा जनस्तरमा केही व्यक्ति वा संस्थाहरूको अगुवाइमा शालिक स्थापना गर्ने काम पनि चलेकै छ । शालिकहरूको अदली-बदली हेर्दा लाग्छ, हाम्रो अब बाँकी काम भनेकै चोक, चौराहमा शालिक राख्ने मात्रै हो।

विगतमा सामन्तवादको नाइकेको रूपमा व्यवहार गर्नेहरूले यस वर्ष भने पृथ्वीनारायण शाहलाई 'राष्ट्र निर्माता'कै रूपमा चर्चा गरे । त्यसो त पुस २७ गतेलाई 'पृथ्वीजयन्ती/राष्ट्रिय एकता दिवस' भनी मनाउने प्रचलन राजा महेन्द्रले चलाइदिएका थिए। यसो इतिहासतर्फ चियाउने हो भने राजा महेन्द्रले नेपाल र नेपालीहरूको 'नेपालीकरण'का लागि धेरै योगदान गरेका छन्।

सन् २००६ को राजनीतिक परिवर्तनसँगै उदाएको गणतन्त्रको लप्कोले पृथ्वीनारायणको जन्मजयन्तीलाई राष्ट्रिय एकता दिवसको रूपमा मनाउने प्रचलनलाई केही वर्ष ओझेलमा पारिदिएको भए तापनि अघिल्ला केही वर्षदेखि पुनः यस दिनलाई सार्वजनिक वृत्तमा महत्वका साथ चर्चा गर्न थालिएको छ।

पृथ्वीनारायण शाहले तत्कालीन समयमा सुरु गरेको 'गोर्खा राज्यको विस्तार'ले कालान्तरमा वर्तमान नेपालको निर्माण गरेको सत्य हो । तर, पछिल्लो समय सामाजिक सञ्जालदेखि सञ्चारमाध्यमसम्ममा पृथ्वीनारायण शाहका योगदानका बारेमा जे-जति चर्चा-परिचर्चा भइरहेको छ, त्यसमा भने उनलाई देवत्वकरण गरिएको स्पष्ट हुन्छ। जस्तैः पुस २७ मा पृथ्वीनारायण शाहको जन्मजयन्ती मनाउने कुरा स्वाभाविक हो । तर, यस दिनलाई कथित 'राष्ट्रिय एकता दिवस' भन्नु चैं युक्ति संगत हुने छैन। किनकि यस दिन त पृथ्वीनारायण शाहको जन्मदिन हो।

कतिपय इतिहासका व्याख्याताहरूकै कुरालाई सही मान्ने हो भने पनि आधुनिक नेपाल निर्माणको दिन पुस २७ त हैन होला। अनि पृथ्वीनारायण शाहले पुस २७ गतेका दिन सबै स-साना राज्यहरूमाथि विजयी हासिल गरेका पनि होइनन् । अनि यही दिन महान् 'एकीकरण अभियान'को घोषणा गरेका पनि होइन। अनि यो दिनलाई कसरी एकता दिवस मान्न सकिन्छ ?

लौ पृथ्वीनारायण शाहको योगदानलाई कदर गर्दै उनलाई नै राष्ट्रिय एकताको आधार मानियो रे ! तर पनि व्यक्ति पृथ्वीनारायणलाई मान्ने कि उनको कामलाई ? यदि कामलाई मान्ने हो भने अहिलेको नेपालको भूगोल कायम हुने क्रममा गोर्खा राज्यले अन्तिम पटक विजयी प्राप्त गरेको दिनलाई 'राष्ट्रिय एकता दिवस' घोषणा गर्नुपर्‍यो।

जहाँसम्म पुस २७ को कुरा छ, यो चाहिं बढी व्यक्तिपूजन नै हो । इतिहासमा खास शासकीय स्वार्थ पूर्ति गर्नका लागि चलाइएको प्रचलन हो भन्दा अत्युक्ति नहोला। बरु लिखतमै सही, अहिले हामी संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका सार्वभौम नागरिक भएका छौं। त्यसैले गणतन्त्र घोषणाकै दिनलाई चाहिं खासमा 'राष्ट्रिय एकता दिवस' मान्न सकिन्छ। कुनै एक अमूक शासकको जन्मदिनलाई कसरी राष्ट्रिय एकता दिवस मान्ने ?

यद्यपि यो आलेखमा राष्ट्रिय एकता दिवस मुख्य चर्चाको विषय भने होइन। यो केवल लेखिएका-लेखाइएका, पढिएका-पढाइएका इतिहासहरू कति पूर्ण हुन्छन् ? ती कति सत्य-तथ्यको नजिक हुन्छन् ? तिनमा कत्तिको जनविश्वास गडेको हुन्छ ? तिनले कसरी शासकीय स्वार्थ पूरा गरेका हुन्छन् ? यस्तै विषयमा केही जिज्ञासा छाड्ने प्रयत्न मात्र हो।

अब एकसरो पृथ्वीनारायण शाहलाई चित्रण गरौं- उनी गोर्खामा जन्मिए । गोर्खा राज्य तत्कालीन समयको एउटा सानो विपन्न पहाडी राज्य थियो । राज्यको आयस्ता सीमित थियो । त्यसैले गोर्खा दरबार समेत चरम आर्थिक संकटमा थियो । भनिन्छ, राजकुमार भइकन पनि उनको बाल्यकाल अभावै अभावमा बितेको थियो। सन् १७४३ मा २० वर्षको उमेरमा गोर्खाका राजा बनेका पृथ्वीनारायण शाह आफू राजा भएपछि गोर्खा राज्यलाई विस्तार गर्ने नीति अवलम्बन गरे। उनी आफू राजा भइसकेपछि सन् १७४४ मा नुवाकोटसँग तेस्रो पटकको युद्धमा विजय प्राप्त गरे।

नुवाकोटपछि उनको दृष्टि काठमाडौं उपत्यकाका राज्यहरूमा परेको थियो । काठमाडौंमाथि विजय प्राप्त गर्न नुवाकोट जित्नु अति जरूरी थियो । किनकि नुवाकोटहुँदै काठमाडौं र भोट -तिब्बत)बीच व्यापारिक मार्ग थियो । काठमाडौं जित्न यसको लाइफलाइन विच्छेद गर्नु जरूरी थियो। अर्थात् त्यसबेलाको धनी काठमाडौंको व्यापार शृङ्खला अवरुद्ध गर्नु जरूरी थियो । त्यसैले पृथ्वीनारायण शाहले काठमाडौं वरपरका राज्यहरूलाई आफ्नो कब्जामा लिएर काठमाडौं हमला गर्ने रणनीति अख्तियार गरेका थिए।

संभवतः काठमाडौं उपत्यकाको त्यो बेलाको वैभव, भारत र चीनसँग स्थापित व्यापारिक सम्बन्ध, मनै लोभ्याउने उपत्यकाको कृषि उत्पादनको प्रचुरता, स्रोत-साधनको पर्याप्तता एवं प्रशासनिक तथा कलाकारिताले सम्पन्न काठमाडौंप्रति उनी सम्मोहित भएका थिए । त्यसबेला उपत्यकाका मल्ल राज्यहरू पनि संगठित एवं सम्पन्न थिए।

पछि उनले विभिन्न समयमा काठमाडौं उपत्यकामा विजय हासिल गरी गोर्खाको राजनीतिक केन्द्र काठमाडौं सारे। तथापि पृथ्वीनारायण शाह को थिए, को थिएनन् ? के हुन् के हैनन् ? यो विषयमाथिको बहस इतिहासकारहरूलाई नै छाडिदिऊँ । यत्ति धक फुकाएर भन्न सकिन्छ कि उनी तत्कालीन समयका एक कुशल, रणनीतिक रूपले चतुर योद्धा र शूरा शासक थिए। सत्ताको उत्कट महत्वाकांक्षा बोकेका एक लडाकू शासक थिए।

उनको गोर्खा राज्य त्यो बेला कमजोरहरूकै प्रतिनिधित्व गर्ने राज्य थियो । आफ्नो राज्यको त्यो बेलाको गरिबी र निम्न अवस्थाबाट माथि उक्सिने अनेकन् उपायमध्ये उनले गोर्खा साम्राज्यको विस्तारलाई अंगीकार गरेका हुन् । अनि त्यो बेलाको आवश्यकता पनि भूगोल विस्तार गर्ने नै थियो। भूगोल जोडेर ठूलो राज्य बनाउँदा शक्ति बढ्दथ्यो । अतः सबैले आफ्नो क्षमताले भ्याएसम्म राज्य विस्तारमै ध्यान दिन्थे। अनि राज्यहरूको निर्माण र विनिर्माण, विस्तारर संकुचन केवल युद्धबाटै हुन्थ्यो । यहाँ मात्र हैन संसारभर त्यसैगरी राज्यहरू बन्थे र भत्कन्थे।

नेपालमा पनि त्यही भयो। त्यही उपक्रममा पृथ्वीनारायण शाह अब्बल प्रमाणित भए । उनले तत्कालीन गोर्खा राज्य विस्तारमा सफलता हासिल गरे । इतिहासकार तुलसीराम वैद्यले उनको अभियानलाई गोर्खा राज्यको विस्तार अर्थात् 'गोर्खानाइजेसन' भनेका छन् । त्यही गोर्खानाइजेसनलाई नै कालान्तरमा 'नेपालीकरण' गरियो । त्यो नेपालीकरणको अभियान भने राजा महेन्द्रले शासनसत्ता आफ्नो हातमा लिइसकेपछि सुरु गरेका थिए । त्यसैले लेखाइएको र पढाइएको इतिहासले मात्रै वास्तविक इतिहासको यथार्थता उजिल्याउन सक्दैन । किनकि इतिहास लेखन पनि सत्ताको एक बृहत् परियोजना हो। झन् हाम्रो जस्ता निकैपछि मात्रै सुरु भएको लेखपढ र ज्ञान आर्जनको निकै छोटो इतिहास भएको समाजमा त इतिहास लेखन र बजारीकरणको जिम्मा नै सत्ताको थियो। खास उद्देश्य पूरा गर्नका लागि शासकहरूले नै इतिहास लेखाउँदथे । नेपालको इतिहासको सन्दर्भमा शाहवंशकेन्द्रित इतिहास लेखनको व्यवस्थित सुरुवात तत्कालीन राजा महेन्द्रले गराएका हुन्। त्यसैले त्यो इतिहास लेखनमा शासकीय स्वार्थ थियो नै। हामी त्यही इतिहास पढेर 'जान्नेसुन्ने' भएका पुस्ता हौं। अतः हाम्रो बुझाइ र ज्ञानमा पनि सत्ताको नियन्त्रण नहुने कुरै भएन।

सत्ताले लेखाउने इतिहासमा स्वाभाविक रूपमा शासकलाई नै केन्द्रमा राखिन्छ । नेपालमा पनि त्यही भएको हो । त्यहाँ मुलुक बनाउने र बचाउने जनता गौण हुन्छन्। अनि इतिहासका कथानकहरू तिनै शासकका गौरव गाथा र चरित्र चित्रणले भरिएका हुन्छन् । किनकि हाम्रो परम्परा नै व्यक्ति पूजक हो। यो मुलुकमा सामूहिकता र लोकतन्त्रको गर्विलो इतिहास पनि छैन। जनस्तरका विद्रोह र स्वतन्त्र ज्ञान निर्माणको शृङ्खला त छँदैछैन भने पनि हुन्छ।

त्यसैले कसैप्रतिको आस्था नै यो समाज बाँच्ने आधार बनिदियो । हामी कसै न कसैको प्रतिमा खडा नगरी बस्नै सक्दैनौं । किनकि आस्थाको विभ्रममा बाँच्ने बानी जो हामीलाई परेको छ । त्यसैले नायकहरूको निर्माण नेपाली समाजको चरित्र हो । संभवतः पछिल्ला समय ठडिइरहेका राजा, महाराजाका शालिकहरू मार्फत पनि हामीले त्यही आस्थाको तलतल मेटाउन खोजेका छौं।

अब फेरि पृथ्वीनारायण शाहकै कुरा गरौं। पृथ्वीनारायण शाहको जसरी अहिले एकथरी मान्छेहरू महिमामण्डन गरिरहेका छन्, त्यो वीरताको व्याख्या र विश्लेषण उनको पालादेखि अर्थात् सन् १७४३ देखि नै कायम थियो ? वा त्यो गौरवगाथाको कहानी निकै पछि मात्र लेखियो ? इतिहासका अध्येताहरू भन्छन्– सन् १९५० अघिका जनश्रुति, लेखोट, साहित्य, लोककथाहरू इत्यादिमा उनका 'दिव्योपदेश' र 'एकीकरण अभियान'बारे खासै उल्लेख छैन। त्यसो हो भने यी इतिहासका गाथाको आधिकारिक स्रोत के हो ? संभवतः सत्ता। संभवतः दरबार।

खासगरी सन् १९३३ को महाभूकम्प पश्चात् जसरी नेपालीकरणको प्रक्रिया आरम्भ भयो पृथ्वीनारायणसँगै भानुभक्त आचार्य, अमरसिंह थापा, बलभद्र कुँवर, भीमसेन थापाहरूको योगदानबारे लिखत सुरु भयो । यसर्थ, नेपालको लेखिएको इतिहास भनेकै शाहवंशको इतिहास हो । अनि शाहवंशको इतिहासमा त्यही शासकीय मनोकांक्षा नै प्रदर्शित हुन्छ।

त्यसैले यत्ति भन्न सकिन्छ कि नेपालको इतिहास लेखिएको हैन, लेखाइएको हो। दरबारले इतिहास लेख्न केही इतिहासकारलाई खटाएको तथ्य कतैबाट लुकेको छैन । अनि सत्ताले लेखाएको इतिहासमा जहिल्यै शासकीय समुदायको महिमा मात्रै हुनु किमार्थ अनौठो हैन। नत्र किन राज्य निर्माणकै क्रममा लडे-भिडेका अन्य व्यक्ति र समुदायहरूको चर्चा छैन ?

पृथ्वीनारायणको तत्कालीन गोर्खा राज्य विस्तारलाई बीपीदेखि पुष्पलालसम्मले पनि 'राष्ट्रिय एकीकरण' भनेका छैनन्। अनि हामीलाई चैं त्यही पगरी गुताउन किन हतारो ? यत्ति बुझौं पञ्चायतकालमा निर्माण गरिएका इतिहासका गाथा पढेर 'राष्ट्रवादी' कहलिएका हामी भन्दा अर्ग्यानिक इतिहास नै पढेका थिए होला, बीपी र पुष्पलालहरूले। के उनीहरू अराष्ट्रिय भएरै पृथ्वीनारायणको अभियानलाई एकीकरण नभनेका हुन् ?

पृथ्वीनारायण शाहको न त देवत्वकरण नै जरूरी छ, न त दानवीकरण नै उचित छ। बस् उनको पनि एउटा उद्देश्य थियो। उनी पक्कै पनि 'संघीय लोकतान्त्रिक गणतन्त्र' स्थापनाका लागि हिंडेका थिएनन्। उनको अभियान जनता हैन, भूगोल केन्द्रित थियो। उनी आफ्नो राज्य विस्तार गरी ठूलो राज्यको सम्राट हुने मनोकांक्षा पालेर हिंडेका थिए। उनले आफ्नो अभियान सफल पार्ने अधिकतम प्रयत्न गरे र उनकै पदचाप पछ्याउँदै उनका पुस्ताहरूले पनि गोर्खा साम्राज्यको विस्तारमा भूमिका खेले।

यो सत्य हो कि त्यो बेलाको आवश्यकता त्यही थियो। अनि ती गोर्खा साम्राज्यमा गाभिएका स-साना राज्य, रजौटाहरूलाई त्यही गोर्खाली भाषा, भेष, संस्कार र संस्कृति जबर्जस्त रूपमा अंगीकार गराइयो । गोर्खा साम्राज्यमा गाभिनुपूर्व उनीहरूको छुट्टै भाषा, भेषभुषा, परम्परा, रीतिरिवाज, संस्कृति इत्यादिले निर्माण गरेको छुट्टै राष्ट्रियता विशाल बन्दै गएको गोर्खा साम्राज्यमा अस्वीकृत भयो र कालान्तरमा गोर्खा राष्ट्रियताको निर्माण भयो र त्यसैको नेपालीकरणको रूपमा अहिलेको 'नेपाली राष्ट्रियताको डिस्कोर्स' निर्माण गरियो।

अनि हामी आज तिनै शासकले निर्माण गरिदिएको एकल राष्ट्रियताको डिस्कोर्सलाई बोकिरहेका छौं । अनि हामीलाई एउटै देशभित्र धेरै राष्ट्रियताहरू हुन्छन् भन्दा जिब्रो टोक्नुपर्ने अवस्था आइपरेको छ। किनकि हामीलाई हाम्रा इतिहासकार हरूले त्यसरी कहिल्यै सिकाएनन्। राष्ट्र र राष्ट्रियता भनेको एउटै कुरा हो, नेपाल राष्ट्र र नेपाली राष्ट्रियता भनाइयो र हामीले पनि त्यही अनुसरण गर्दै आयौं। अहँ, हामीलाई कहिल्यै पनि नेपाल बहुराष्ट्रियता भएको मुलुक हो भन्ने आभास नै भएन।

के राष्ट्रियताको परिभाषामा जनता पर्दैनन् ? जनताको अधिकार पर्दैन ? जनताको समृद्धि पर्दैन ? यदि पर्छ भने नेपालको राजनीतिक इतिहासको डिस्कोर्समा यी विषयहरू किन निषेध गरिए ? यसर्थ अबको नेपाली राष्ट्रियता विगतको निरन्तरता होइन। यसमा विभिन्न जाति, भाषा, धर्म, लिंग, वर्ण, क्षेत्र र समुदायका मानिसहरूले फरक-फरक पहिचान झल्किने बहु-राष्ट्रियताका विम्बहरूलाई स्वीकार गर्नुपर्छ। तब मात्र यो मुलुक साँच्चिकै राष्ट्र बन्नेछ।

हामी इतिहासको निर्माण कसरी हुन्छ र कसरी गरिखाने वर्गलाई इतिहासले पाखा लगाउँछ ? त्यसबारे घोत्लिने चेष्टै गर्दैनौं। अनि यसै भनिदिन्छौं - 'सयौं थुँगा फूलका हामी एउटै माला नेपाली'। अझै पनि हामी सयौं थुँगामै छौं। सयौं थुँगाले त एउटै जातको फूलका थुँगाहरूलाई जनाउने भयो । जस्तैः सयपत्रीका सयौं थुँगा, गोदावरीका सयौं थुँगा ! खासमा चाहिने 'सयौं थुँगा' हैन, 'सयौं थरी' फूलका माला हो।

## संविधानको रक्षाका लागि गठबन्धन

**टुडे समाचारदाता**

दमौली । आगामी माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनका लागि गण्डकी प्रदेशबाट उम्मेदवारले मतदाता भेटघाटलाई तीव्र बनाएका छन् ।

गण्डकी प्रदेशअन्तर्गतका प्रदेशसभा सदस्य तथा स्थानीय तहका प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष मतदाता रहने निर्वाचनका लागि उम्मेदवारहरुले मतदातासँग भेटघाट तीव्र बनाएका हुन् । हालसम्म नवलपुर, लमजुङ र गोरखामा मतदाता भेटघाट सकिएको छ भने विहिबार तनहुँमा मतदातासँग भेटघाट एवं अन्तरक्रिया गरिएको छ । नेपाली काङ्ग्रेस तनहुँको कार्यालयमा आयोजित कार्यक्रममा राष्ट्रियसभा सदस्य निर्वाचनका लागि उम्मेदवार किरणबाबु श्रेष्ठ, मनरुपा शर्मा र पदमबहादुर परियारले निर्वाचनमा जीत सुनिश्चित रहेको र घोषणामात्र हुन बाँकी रहेको बताए ।

सो अवसरमा काङ्ग्रेसका केन्द्रीय सदस्य ध्रुव वाग्लेले संविधानको रक्षाका लागि गठबन्धन गरिएकाले गठबन्धनलाई बलियो बनाएर लैजानुपर्नेमा जोड दिए । काङ्ग्रेस गण्डकी प्रदेशका महामन्त्री विष्णुप्रसाद लामिछानेले संविधानको विरुद्धमा लागेको तत्वलाई निस्कृय बनाउन गठबन्धनलाई अझै बलियो र सुदृढ बनाउनुपर्नेमा जोड दिए ।

नेकपा (माओवादी) केन्द्रका केन्द्रीय सदस्य एवं गण्डकी प्रदेशसभा दलका नेता हरिबहादुर चुमानले यसअघिको निर्वाचनमा मत बदर भएकाले यसपटकको निर्वाचनमा मत बदर हुन नदिन सचेतना जगाउनुपर्ने बताए ।

कार्यक्रममा नेकपा (माओवादी) केन्द्रका केन्द्रीय सदस्य आशा कोइराला, पूर्व प्रदेशसभा सदस्य मेखलाल श्रेष्ठ, नेकपा (एकीकृत समाजवादी) केन्द्रीय सदस्य कलिला खान लगायतले देश विकास र समृद्धिका लागि अहिलेको गठबन्धन अपरिहार्य रहेको चर्चा गरे ।

राष्ट्रियसभा सदस्यहरुले माघ ९ गतेसम्म प्रचारप्रसार र मतदाता भेटघाटलाई निरन्तरता दिने जनाइएको छ । मतभारका दृष्टिले निर्वाचनमा सत्तारुढ दलका उम्मेदवारलाई चुनावी परिणाम आफ्नो पक्षमा पार्न सहज हुने देखिएको छ । राष्ट्रियभा सदस्य निर्वाचनका लागि गण्डकी प्रदेशसभामा ६० र स्थानीय तहका एक सय ७० मतदाता रहेका छन् । निर्वाचनमा प्रदेशसभा सदस्यको ५३ र स्थानीय तहका प्रमुख तथा उपप्रमुखको १९ मतभार तोकिएको छ ।

प्रदेशसभातर्फ तीन हजार एक सय ८० र स्थानीय तहतर्फ तीन हजार दुई सय ३० गरी कूल छ हजार चार सय १० मतभार रहेको जनाइएको छ ।

# सञ्चारमन्त्रीको एक वर्षमा नीतिगत सुधार र सुशासन प्रवर्द्धन प्राथमिकता

**टुडे समाचारदाता**

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले आफूले कार्यभार सम्हालेको एक वर्षमा कानुनी, नीतिगत र संरचनात्मक सुधारको पहल गरेको बताएकी छन् ।

कार्यकाल एक वर्ष पूरा भएका अवसरमा विहिबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा मन्त्री शर्माले कानुनी र नीतिगत सुधारमार्फत नेपालको सञ्चार तथा सूचना प्रविधिको क्षेत्रलाई पुनःसंरचना गर्न सकिन्छ भन्ने आफ्नो दृढ विश्वास रहेको बताईन् । उनले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले अघि सारेको सुशासन, सामाजिक न्याय र समृद्धिको कार्यदिशा कार्यान्वयन गर्न भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीतिअन्तर्गत सञ्चार मन्त्रालय आफैले पनि केही विषयको अध्ययन र छानविन गरेको जानकारी दिईन् । मन्त्री शर्माले २०७९ माघ ३ गते सञ्चार मन्त्रालयको जिम्मेवारी सम्हालेकी थिईन् । सञ्चार मन्त्रालयसँग आमसञ्चार, सूचना प्रविधि, हुलाक सेवा, मुद्रण, दूरसञ्चार र चलचित्रसम्बन्धी कार्यक्षेत्र रहेका छन् ।



नेपाल सरकारका प्रवक्तासमेत रहेकी मन्त्री शर्माले सुशासन, सामाजिक न्याय र समृद्धिको मूल कार्यदिशासहित सरकार संविधान कार्यान्वयन र सङ्घीयताको सबलीकरण, अर्थतन्त्रको सुधार र पुनरुत्थान, लगानी प्रवर्द्धन, रोजगारी सिर्जना, सार्वजनिक सेवा प्रवाहमा सुधार र सरलीकरण, नागरिकमैत्री प्रशासन, भ्रष्टाचार नियन्त्रणलगायतका क्षेत्रमा सरकार अघि बढिरहेको पनि स्पष्ट गरिन् ।

मन्त्री शर्माले फ्रिक्वेन्सी लाइसेन्स ओगटेर राख्ने, राज्यलाई राजश्व नतिर्ने र काम नगर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न फ्रिक्वेन्सी नीति २०६९ (संशोधन २०७३)लाई परिमार्जन गरी फ्रिक्वेन्सी नीति २०८० जारी गरिएको जानकारी दिईन् । यो नीति जारी भएसँगै २०८१ साउन १ गतेदेखि प्रविधि तटस्थताको नीति लागू हुनेछ । यसले अनुमतिपत्र लिई फ्रिक्वेन्सी वापत शून्य वा अत्यन्त कम राजश्व तिर्नुपर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने अपेक्षा मन्त्रालयको छ ।

त्यस्तै अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली पनि संशोधन गरिएको छ । यसले सम्पत्तिको व्यवस्थापन गर्नुको साथै प्रयोग नभएको रेडियो फ्रिक्वेन्सी स्वतः फिर्ता हुने व्यवस्था गरिएको छ

यसबीचमा मन्त्रालयले कानुनी सुधारकै कुरा गर्दा सरकारी विज्ञापनको कारोवारमा चुहावट बढेको, विज्ञापनका लागि छुट्याइएको रकमको थोरै प्रतिशत मात्र सञ्चारमाध्यममा जाने गरेको, यसबाट सञ्चारमाध्यममा समस्या परेको र विज्ञापन बजारमा अपारदर्शिता बढ्दै गएको गुनासो सम्बोधन गर्न विज्ञापन (नियमन गर्ने) नियमावली, २०८० संशोधन गरी कार्यान्वयनमा ल्याइएको छ । टेलिभिजन प्रसारणमा विदेशी च्यानलहरूले उपभोक्ताहरूबाट मनलाग्दो शुल्क उठाउने स्थितिलाई अन्त्य गर्न टेलिभिजन प्रसारणमा अल कार्ट मूल्य प्रणाली लागू गरिएको छ ।

यस बीच सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्नेसम्बन्धी निर्देशिका, २०८० र राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० लगायतका नीति तथा कानून स्वीकृत भई कार्यान्वयनको क्रममा छन् । अन्य आवश्यक नीति तथा कानून तर्जुमाको क्रममा छन् । सुरक्षण मुद्रणसम्बन्धी विधेयक र सार्वजनिक सेवा प्रसारण विधेयक सङ्घीय संसदको समितिमा छलफलको क्रममा छन् भने नेपाल मिडिया काउन्सिलसम्बन्धी विधेयकको मस्यौदामा अर्थ मन्त्रालयको सहमति लिई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा सहमतिको लागि पठाइएको छ ।

आमसञ्चार विधेयकको मस्यौदा र सामाजिक सञ्जाल (व्यवस्थापन तथा नियमन) विधेयकको मस्यौदा तयार भई अर्थ मन्त्रालयमा सहमतिका लागि पठाइएको छ । सूचना प्रविधि र दूरसञ्चारको क्षेत्रमा आएका नवीन प्रविधिलाई समेत सम्बोधन गर्ने गरी दूरसञ्चार विधेयक र सूचना प्रविधिसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति लिई मस्यौदाको क्रममा छ । साथै चलचित्र क्षेत्रमा आएका नवीन प्रविधि र परिवर्तित सामाजिक राजनीतिक मान्यतालाई सम्बोधन गर्ने गरी चलचित्र क्षेत्रलाई व्यवस्थापन गर्नेसम्बन्धी विधेयक तर्जुमा गर्न सरोकारवालाको राय सुझावको लागि मस्यौदा वेवसाइटमा राखिएको छ ।

राष्ट्रिय विज्ञापन नीति, २०८० को मस्यौदा तयार गरी सहमतिका लागि राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा पठाइएको छ । एफएम रेडियोहरूको दर्ता तथा नवीकरणलाई सरल एवं थप व्यवस्थित बनाउन राष्ट्रिय प्रसारण नियमावली, २०८० मा संशोधन गर्न अर्थ मन्त्रालयबाट सहमति लिई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा सहमतिको लागि पठाइएको छ भने अतिरिक्त हुलाक नियमावली, २०३४ मा समसामयिक परिमार्जनको लागि अर्थ मन्त्रालयको सहमति लिई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा सहमतिका लागि पठाइएको छ ।

मन्त्री शर्माले आम सञ्चार ऐन र मिडिया काउन्सिल ऐनको मस्यौदा तर्जुमा गरी प्रक्रियामा अघि बढाएको र सरोकारवालासँगकै व्यापक छलफलपछि सामाजिक सञ्जाललाई व्यवस्थित गर्ने ऐनको मस्यौदा अघि बढाइएको बताईन् ।

उनले आफूले मन्त्रालय सम्हालेकै दिन नेपाल टेलिकमको दूरसञ्चार सेवा अवरुद्ध भएपछि तत्काल समिति गठन गरी दूरसञ्चार सेवाको अवस्था, सेवा अवरुद्ध हुनुका कारण र त्यस्तो समस्या आउन नदिने उपायसहितको प्रतिवेदन तयार गराइएको र सरकारी तथ्याङ्क केन्द्रमा साइबर आक्रमणका घटना बढेपछि मन्त्रिपरिषद् बैठकबाटै उच्चस्तरीय समिति गठन गरी अध्ययन प्रतिवेदन प्राप्त गरेर प्रतिवेदनको सुझावबमोजिम आवश्यक कार्य अघि बढाइएको जानकारी दिईन् ।

सो समितिको सुझावलाई समेत ध्यान दिँदै २०८० साउन २३ गते पहिलोपटक राष्ट्रिय साइबर सुरक्षा नीति जारी गरिएको छ । यसका आधारमा साइबर सुरक्षासँग सम्बन्धित आवश्यक कानुन र राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापनाको प्रक्रिया अघि बढेको छ ।

यस्तै एमडिएमएस प्रणाली कार्यान्वयनमा देखिएका जटिलता र यसको खरिद प्रक्रियामै उठेका प्रश्नको तथ्य पहिचान गर्न समिति नै बनाएर छानविन गरिएको, टेरामक्सको सवालमा औपचारिक छानविन नगरे पनि मन्त्रालयले तथ्यगत धारणा स्पष्ट गरेको उल्लेख गर्दै मन्त्री शर्माले यी प्रणाली नेपालमा आवश्यक भए पनि आवश्यक कानुनी र नीतिगत व्यवस्थाका साथै खरिद प्रक्रियामा पारदर्शिता आवश्यक रहेको बताईन् । उनले भनिन्, "गल्ती गर्नेलाई छुट दिन हुँदैन, बदमासी कसैले पनि गर्न हुँदैन भन्नेमा सचेत छौं ।"

### सूचना प्रविधिलाई समृद्धिको आधार बनाइँदै

सूचना प्रविधिलाई सरकारले आधारभूत आवश्यकता र राष्ट्रिय प्राथमिकताको रुपमा स्वीकार गरिसकेको अवस्थामा मन्त्रालयले चालु आर्थिक वर्षकै नीति तथा कार्यक्रम र बजेटमा 'आधुनिक जीवनको आधारः सूचना, प्रविधि र सञ्चार' नारा तय गरेको थियो ।

मन्त्री शर्माले सूचना प्रविधि आजको जीवनशैलीको एउटा पक्ष र आधुनिक जीवनको आधार त हो नै, यो आधुनिक जीवनशैली मात्र नभएर मुलुकको समृद्धिको महत्वपूर्ण आधार पनि भएकाले सो नारालाई कार्यक्रममा रुपान्तरण गर्न नीति, कार्यक्रम तर्जुमा गर्नाका साथै सोको कार्यान्वयनका लागि कार्ययोजना बनाई काम गरिरहेको जनाईन् ।

उनले विश्वमा एकपछि अर्को प्रविधिको विकास र प्रयोग हुँदै गएकाले रोबोटिक्स, आर्टिफिसियल इन्टेलिजेन्सजस्ता प्रविधिको आत्मसातीकरण साथै आगामी दिनमा विकास हुने नवीन प्रविधिका लागि पनि नीतिगत, कानुनी र संरचनागतरुपमा तयार हुनुपर्ने दायित्व अब यस मन्त्रालयको काँधमा आइपुगेको बताउँदै सूचना प्रविधिका चमत्कारिक विकास र प्रयोग भइरहेको भए पनि नेपालमा अझै यसको बुझाईमा एकरुपता कायम चुनौती रहेको अनुभव सुनाईन् ।

उनले नेपालको आफ्नै भू-उपग्रह हुनुपर्छ भन्ने सरकारको स्पष्ट मान्यता रहेको जनाउँदै अब सूचना प्रविधिको प्रयोग र डाटा सुरक्षाको विषय राष्ट्रिय सार्वभौमिकतासँगै जोडिन पुगेकाले आफ्नै भू-उपग्रह स्थापना गर्नुपर्छ भन्ने स्पष्ट गुरुयोजना आवश्यक भइसकेको बताईन् ।

### एफएम रेडियोको नवीकरण अनलाइनबाटै

सरकार पूर्ण प्रेस स्वतन्त्रताप्रति पूर्ण प्रतिबद्ध स्पष्ट गर्दै उहाँले विगत पाँच वर्षदेखि वृद्धि हुन नसकेको श्रमजीवी पत्रकारको पारिश्रमिक पुनरावलोकनका लागि मन्त्रिपरिषदमा प्रस्ताव पेश गरिएको जानकारी दिईन् । आम सञ्चारका क्षेत्रमा कतिपय सानाजस्ता देखिने तर सेवाग्राहीलाई असहज हुने गरेका क्षेत्रमा पनि सुधारको थालनी गरिएको तथा सूचना विभागबाट जारी हुने प्रेस प्रतिनिधिको अवधि तीन वर्ष बनाउने, एफएम रेडियोको नवीकरण अनलाइनबाटै गर्नेलगायतका सुधारात्मक कार्य थालिएको बताईन् ।

यस्तै सार्वजनिक सेवा प्रसारण विधेयक पारित भएपछि नेपाल टेलिभिजन र रेडियो नेपालको पुनःसंरचना हुने जनाउँदै सरकारी स्वामित्वका सबै सञ्चारमाध्यमलाई थप समावेशी बनाउँदै लैजान सरकार दृढ र प्रतिबद्ध रहेको बताईन् ।

### सामाजिक सञ्जाललाई व्यवस्थित गर्नेसम्बन्धी विधेयक आउँदै

यस अवधिमा सामाजिक सञ्जाल व्यवस्थापन निर्देशिका, २०८० जारी भएको छ । निर्देशिकामा सामाजिक सञ्जाल प्रयोगकर्ताले गर्न हुने र नहुने कामका बारेमा जानकारी दिइएको छ । यसका आधारमा मन्त्रालयमा गुनासो व्यवस्थापन इकाई स्थापना गरी अनलाइनबाटै गुनासो सुन्ने र सामाजिक सञ्जाल प्लेटफर्मसम्म पुऱ्याउने कामको थालनी भएको छ । सामाजिक सञ्जाललाई व्यवस्थित गर्नेसम्बन्धी विधेयकको मस्यौदा अन्तिम चरणमा रहेको मन्त्री शर्माले जनाईन् ।

### चलचित्र कानुन लागि सुझाव माग

मन्त्री शर्माले नेपाली चलचित्रलाई उद्योगका रुपमा स्थापित गरी अन्तर्राष्ट्रियस्तमा प्रतिस्पर्धी बनाउन आवश्यक भएको औंल्याउँदै चलचित्र ऐन, २०२६ लाई समयानुकूल बनाउन विधेयकको मस्यौदा तयार गरी सरोकारवालाको सुझाव मागिएको जानकारी दिईन् । नेपालका पर्यटकीय क्षेत्रमा चलचित्र छायाङ्कनको व्यवस्था मिलाउन सकिएको अवस्थामा यसले अन्तर्राष्ट्रियरुपमा ठूलो प्रभाव पार्न सक्ने भएकाले दोलखामा चलचित्र नगरी निर्माण गर्न प्रस्ताव गरिएको उनको भनाइ थियो ।

### हुलाक र सुरक्षण मुद्रणलाई समयानुकूल बनाउइँदै

हुलाक सेवालाई आधुनिकीकरण गर्ने क्रममा मन्त्रालयले अतिरिक्त हुलाकलाई खारेज गरी 'एक स्थानीय तह, एक हुलाक'को अवधारणालाई अघि बढाएको जनाउँदै सूचना प्रविधिको विकास एवं विस्तार, सडक पहुँचको विस्तारसँगै हुलाकलाई पनि समयानुकूल सुधार गर्ने कार्य भइहेको मन्त्री शर्माले जानकारी दिईन् ।

मन्त्रालयले देशभरि सञ्चालनमा रहेका ६८ वटा हुलाक बचत बैंकमध्ये १२ वटा घाटामा चलेको र त्यहाँ कार्यरत कर्मचारीबाट वचत रकम हिनामिनासमेत गुनासो आउन थालेपछि वचतकर्ताको रकमको सुरक्षाका लागि राष्ट्रिय वाणिज्य बैंकमा हस्तान्तरण गरेको छ ।

सुरक्षण मुद्रण सरकारको विशिष्ट प्रकृतिको काम भएकाले यो कार्य देशभित्रै गरिनुपर्छ । सूचना संवेदनशीलतालाई ख्याल गर्दै मुलुकभित्रै सुरक्षित मुद्रणको प्रक्रिया अगाडि बढाइएको छ । यससम्बन्धी कानुन संसदीय समितिमा विचाराधीन छ ।

# लिखित जवाफ पेस गर्न ऊर्जामन्त्री बस्नेतको निर्देशन

**टुडे समाचारदाता**

काठमाण्डु । ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले कार्यसम्पादनमा ढिलाइ भएका आयोजनाको लिखित जवाफ पेस गर्न निर्देशन दिएका छन् ।



ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्रालयमा आज मन्त्रालय र मातहतका निकायका प्रमुखसँग चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको अवस्थाबारे छलफल गर्दै समस्या देखिएका आयोजनाको तुरुन्तै समाधान गर्न आग्रह गरे । उनले भने "यसपटक काम सुरु हुन नसकेका आयोजनाको लिखित कारणसहितको विवरण पेस गर्नुस् । अर्को पटक कम कार्यप्रगति भएका आयोजनाको पनि यसैगरी विवरण पेस गर्नुपर्नेहुन्छ ।"

उनले राष्ट्रिय गौरवका आयोजना, ठूला र प्राथमिकता प्राप्त आयोजनाको कार्यप्रगतिमा देखिएको समस्या समाधानका लागि मातहतका निकाय आफै जिम्मेवार हुनुपर्ने बताए । चालु आवको छ महिना पूरा भइसक्दासमेत केही आयोजनाको प्रगति अपेक्षित हुन नसक्नुको कारण लिखित रुपमा पेस गर्न निर्देशन दिँदै उनले किन त्यसो भएको हो, जिम्मेवार को हो ? भन्ने जस्ता प्रश्नको उत्तर खुलाउनुपर्ने बताए ।

"प्राथमिकताक्रम निर्धारण गरिएका आयोजनामा देखिने गरी प्रगति हनुपर्छ । सामान्य तरिकाले अब हुँदैन । सबै निकायका प्रमुख आफै जिम्मेवार हुनुपर्छ । प्रगति हुन नसक्नाका कारण के के हुन् ? त्यसको स्पष्ट समाधानको खाका पनि आवश्यक पर्दछ", मन्त्री बस्नेतले भने । प्रसारण लाइन निर्माणमा देखिएको समस्या समाधानका लागि विभागीय मन्त्रीका हिसाबले नियमित रुपमा सरोकारवाला निकायसँग छलफल गरिरहेको र केही आयोजनामा सहजीकरण भइसकेको उहाँको भनाइ छ ।

"आफैले तय गरेका लक्ष्यमा किन प्रगति भएन ? प्रश्न आफैमा महत्वपूर्ण छ । यसको उत्तर तपाईं हामीले धेरै ठाउँमा दिनुपर्ने हुन्छ", मन्त्री बस्नेतले भने, "समस्या देखाएर बस्ने होइन, समाधानका लागि इमान्दार प्रयास गरौँ । त्यसबाट नतिजा पनि निस्कन्छ ।" उनले राष्ट्रिय गौरवमा समावेश सिँचाइ आयोजनालाई गति दिन यसअघि दिइएको निर्देशनको अवस्था के कस्तो अवस्थामा छ भन्ने प्रश्न गर्दै उनले प्रक्रियामा अल्झने काम नगरी शीघ्र निर्णय गर्न आग्रह गरे ।

आगामी दुई वर्षभित्र देशभर विद्युतीकरण गर्ने लक्ष्यलाई पूरा गर्न नेपाल विद्युत् प्राधिकरण र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले कुन कुन क्षेत्रमा के के गर्नुपर्ने हो त्यसको स्पष्ट खाका तयार पार्नुपर्ने बताए । विद्युत् उत्पादन अनुमतिपत्र लिएर कार्यसम्पादन नगरेका आयोजनाको हकमा तत्काल प्रगति विवरण तयार पार्न विद्युत् विकास विभागको ध्यानाकर्षण गराउँदै लामो समयसम्म आयोजना होल्ड हुने अवस्थाको अन्त्य गर्नुपर्ने बताए ।

यस्तै, नलगाड र जगदुल्ला आयोजनाका लागिसमेत आवश्यक पर्ने ऊर्जा व्यवस्थापनका लागि अत्यावश्यक मानिएको ताप्सुगाड जलविद्युत् आयोजनाको काम तत्काल अघि बढाउनुपर्ने मन्त्री बस्नेतको जोड छ । जगदुल्ला आयोजनाका लागि हाल पहुँचमार्ग निर्माण, वित्तीय व्यवस्थापनको काम भइरहेको छ । यस्तै, ताप्सुगाडको विद्युत् खरिद सम्झौताको तयारी भइरहेको छ ।

मन्त्री बस्नेतले माथिल्लो अरुण जलविद्युत् आयोजनाको पछिल्लो अवस्थाबारे पनि चासो व्यक्त गरेका थिए । पहुँचमार्ग निर्माणका लागि वन तथा वातावरण मन्त्रालयबाट स्वीकृति प्राप्त हुन नसक्दा प्रक्रिया अगाडि बढ्न नसकेको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी गराएका थिए ।

मन्त्रीबस्नेतलेमन्त्रिपरिषद्कोनिर्णयपछि बूढीगण्डकी जलविद्युत् आयोजनाको हकमा भएको प्रगतिबारे समेत प्रमुख कार्यकारी अधिकृत जगत श्रेष्ठसँग जिज्ञासा राख्नुभयो । मन्त्रिपरिषद्ले पूर्वाधार करबापत उठ्दै आएको रकमको ५० प्रतिशत रकम आयोजनामा उपलब्ध गराउने निर्णय गरेको छ ।

प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले वित्तीय व्यवस्थापनका लागि अन्य ढाँचाबारे छलफल भइरहेको र त्यसलाई छिट्टै निष्कर्षमा पुऱ्याउने बताए । छलफलमा ऊर्जा सचिव गोपालप्रसाद सिग्देल, सिँचाइ सचिव सुशीलचन्द्र तिवारीले मन्त्रालय मातहत भइरहेका काम कारबाहीका बारेमा चासो राख्दै समस्या समाधानका लागि सम्बन्धित निकायले विशेष ध्यान दिनुपर्ने बताए ।

जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक चूर्णबहादुर ओलीले भेरी बबई डाइभर्सन आयोजना र सुनकोशी मरिण डाइभर्सन आयोजनाको काममा पछिल्ला दिनमा अपेक्षित गति लिएको बताएका थिए ।

# उपराष्ट्रपति र अष्ट्रेलियाली राजदूत बीच भेटघाट

**टुडे समाचारदाता**

काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादवसँग आज लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा नेपालका लागि अष्ट्रेलियाका राजदूत महामहिम फेलिसीटी जेन भोल्कले शिष्टाचार भेटघाट गरेका छन् ।

भेटघाटका क्रममा शुभकामना आदानप्रदानपछि दुई मुलुकबीचको द्विपक्षीय सम्बन्ध, आर्थिक सहायता, प्रवासी नेपाली, पर्यटन लगायतका विविध विषयमा छलफल भएको उपराष्ट्रपतिको कार्यालयले जनाएको छ । उपराष्ट्रपति यादवले दुई देशबीच सन् १९६० फेब्रुअरी १५ मा द्विपक्षीय सम्बन्ध स्थापना भएयता आपसी विश्वास, समझदारी र पारस्परिक सहयोगका आधारमाकायम रहेको मैत्रीपूर्ण सम्बन्ध पछिल्ला दिनहरुमा थप फराकिलो र गहिरो बन्दै गएकोमा खुसी व्यक्त गरे ।

"अष्ट्रेलियाले नेपाललाई प्रदान गर्दै आएको विकास सहायता (ओडिए) मा वृद्धि गरेकोमा खुसी लागेको छ", उनले भने, "सामुदायिक वन कार्यक्रम र नेपालमा वनको दिगो व्यवस्थापनमा अष्ट्रेलियाको महत्वपूर्ण योगदान उच्च प्रशंसनीय छ ।" उनले विभिन्न क्षेत्रीय र बहुपक्षीय मञ्चहरुमा नेपाल र अष्ट्रेलियाबीचको घनिष्ठ सहयोग रहँदै आएको उल्लेख गरे । उनले भने, "दुवै देशले बहुपक्षीयताको संरक्षण र प्रवर्द्धन गर्न साझा हित राख्ने गर्दछ र न्यायपूर्ण, समानुपातिक, समावेशी र नियममा आधारित विश्व व्यवस्थालाई समर्थन पनि गर्दछन् ।"



अष्ट्रेलियाका महामहिम राजदूत फेलिसीटी जेन भोल्कले दुई देशबीच जनस्तरको सम्बन्धसँगै सरकारसँग बलियो र गहिरोसम्बन्ध रहेको बताए । उनले अष्ट्रेलियामा ६० हजार नेपाली विद्यार्थीसहित एक लाख २० हजार नेपाली बसोबास गर्दै आएको जानकारी दिए । "नेपाली विद्यार्थी उच्च शिक्षा हासिल गरेपश्चात नेपालमै फर्किएर नेपालको विकासमा टेवा पुऱ्याउनका लागि उनीहरुलाई उत्प्रेरित गर्ने प्रयासमा छु । नेपाल र अष्ट्रेलियाका शैक्षिक संस्थाबीच सहकार्यले 'ड्युअल डिग्री' कार्यक्रम सञ्चालन गर्दै नेपालमा अन्तर्राष्ट्रिय विद्यार्थीको संख्या बढाउन सकिन्छ । यसका लागिहालैकाठमाडौं विश्वविद्यालय र त्राउन इन्स्टिच्युटबीच समझदारी भएको छ", उनले भने ।

# अमेरिकी निर्वाचनपछि युक्रेनले 'कुनै पनि वास्तविकिता' सँग काम गर्ने

**एएफपी**

डाभोस । युक्रेनका विदेशमन्त्री दिमित्रो कुलेबाले यस वर्षको अन्त्यमा अमेरिकी राष्ट्रपति निर्वाचन जित्ने जो कोहीसँग युक्रेनले काम गर्ने बताउनुभएको छ । डाभोसमा विश्व आर्थिक मञ्चका अवसरमा एएफपीसँग कुरा गर्दै बिहीबार उहाँले सो कुरा बताउनुभएको हो ।

पूर्वअमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प रिपब्लिकन उम्मेदवार जित्ने अग्रपङ्क्तिमा रहेकाले उहाँले निर्वाचन जित्नुभएको अवस्थामा युक्रेनबारे वासिङ्टनको नीति परिवर्तन हुने आशङ्का गरिएको छ। युक्रेनलाई हतियार दिने विषयमा कांग्रेस पहिला नै विभाजित भएकाले किएभलाई समर्थन गर्ने ट्रम्पको इच्छा अझ कम हुने चिन्ता व्यक्त गरिएको छ।

यद्यपि विदेशमन्त्री कुलेबा ट्रम्पको कुनै पनि जितलाई लिएर आशावादी देखिनुभएको छ। "म अमेरिकी जनताको राय स्वीकार गर्छु र हामी निर्वाचनपछि आउने कुनै पनि वास्तविकतासँग काम गर्नेछौँ", स्विस अल्पाइन रिसोर्टमा वार्षिक 'डाभोस युक्रेनी ब्रेकफास्ट' कार्यक्रमपछि उहाँले भन्नुभयो, "युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्की र ट्रम्प एकअर्कालाई चिन्नुहुन्छ र एकअर्कालाई सम्मान गर्नुहुन्छ ।"ट्रम्प सशरीर डाभोसमा उपस्थित नभए पनि उहाँको सम्भावित जित मञ्चमा धेरै निजी र सार्वजनिक चर्चाहरूमा आएको छ।



कुलेबाले पश्चिमाहरूसँग युक्रेनलाई आफ्नो समर्थन बढाउन पनि आह्वान गर्नुभयो । "मुद्दा व्यापक मात्रामा विकास र स्थिरता सुनिश्चित गर्न हो", उहाँले भन्नुभयो । मस्कोको सेनाविरुद्धको युद्धमा आफ्नो आकाशमा नियन्त्रण हासिल गर्नु सन् २०२४ को प्राथमिकता रहेको किएभले बताएको छ। विदेशमन्त्री कुलेबाले युक्रेनलाई थप हवाई रक्षा प्रणालीहरूको आवश्यकता रहेको बताउनुभयो । "एफ-१६ तथा अन्य पश्चिमी विमानहरूलाई रुसी क्षेप्यास्त्र र विमानहरूमा फायर गर्न सक्ने पर्याप्त मात्रामा रकेट दबाउन इलेक्ट्रोनिक युद्धको आवश्यकता पनि थियो", उहाँले भन्नुभयो।

क्रोएसियाका प्रधानमन्त्री एन्ड्रेज प्लेन्कोभिकले भन्नुभयो, "युक्रेनको सफलता र विजयको मुख्य पक्ष भनेको पश्चिमाहरू यसको समर्थनमा एकजुट रहनु हो।" अमेरिकी निर्वाचनका बारेमा सोधिएको प्रश्नमा उहाँले भन्नुभयो, "अमेरिका युक्रेनलाई समर्थन गर्नका लागि प्रतिबद्ध रहन्छ भन्ने मलाई लागेको छ।"

युक्रेनको आर्थिक सुधारका लागि अमेरिकी राजदूत पेनी प्रिट्जकरले कार्यक्रमका क्रममा वासिङ्टनमा युक्रेनका लागि द्विदलीय समर्थन रहेकामा जोड दिनुभयो । "अमेरिकाले युक्रेनप्रति आफ्ना प्रतिबद्धताहरू पूरा गर्नुपर्दछ, उसले यस्तै गर्छ भन्ने मेरो विश्वास छ।"

युक्रेनलाई समर्थन जुटाउन र युद्ध थकानको सामना गर्न सन् २०२२ फेब्रुअरीमा रुसको आक्रमणपछि पहिलो पटक जेलेन्स्की व्यक्तिगतरूपमा डाभोसमा उपस्थित हुनुभयो । कुलेबाले डाभोस र युक्रेनमा राजनीतिज्ञहरू तथा लगानीकर्ताहरूसँगको 'फलदायी' बैठकमा 'आशावादी मनस्थिति' को प्रशंसा गर्नुभयो। उहाँका अनुसार यसबाट थप वित्तीय सहयोग प्राप्त हुनेछ। "मानिसहरू युक्रेनको जितमा थप लगानी गर्न इच्छुक छन्, उनीहरू युक्रेनमा विश्वास गर्छन्", उहाँले भन्नुभयो।

ब्रेकफास्ट कार्यक्रममा प्लेन्कोभिक, पोल्यान्डका राष्ट्रपति एन्ड्रेज डुडा र बेलायती विदेशमन्त्री डेभिड क्यामरुनसहित धेरै शीर्ष युरोपेली अधिकारीहरू सहभागी हुनुहुन्थ्यो । प्यानलका क्रममा पोल्यान्डका राष्ट्रपति डुडाले रुसी आक्रमणविरुद्ध लड्नका लागि पश्चिमाहरू युक्रेनलाई लामो समयसम्म समर्थन गर्न तयार रहनुपर्ने चेतावनी दिनुभयो।

"हामी लामो दौडका लागि तयार हुनुपर्छ जसमा हामी आफ्ना नागरिकहरूको सुरक्षा गर्छौं र युक्रेनको सङ्घर्षमा उसलाई समर्थन गर्नेछौं", डुडाले रुस र यसका राष्ट्रपति भ्लादिमिर पुटिनमाथिको टिप्पणीमा कुनै कसर नराखी भन्नुभयो, "कुनै शङ्काबिना पुटिनले विश्वमा आगो लगाउने निर्णय गर्नुभयो।"

# प्रधानमन्त्री कपमा मधेस प्रदेशसँग एपिएफ स्तब्ध

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री एक दिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गत विहिबार भएको खेलमा मधेस प्रदेशले सशस्त्र प्रहरी बलको एपिएफ क्लबलाई पाँच विकेटले पराजित गरेको छ।



जितका लागि दुई सय ४७ रनको लक्ष्य पछ्याएको मधेस प्रदेशले ४८ ओभरमा पाँच विकेट गुमाउँदै लक्ष्य पूरा गर्यो । प्रधानमन्त्री कप क्रिकेटमा मधेस प्रदेशले एपिएफलाई पहिलोपटक पराजित गरेको हो । मधेसको जितमा रुपेश सिंहले ७२ बल खेल्दै चार चौका र तीन छक्काको मद्दतमा अविजित ७२ रन बनाए। पवन सर्राफले ६४ रन बनाए भने निरज यादवले ७० बलमा ५२ रनको योगदान दिए । साथै अनिल शाहले २९ रन बनाए भने अभिशेख तिवारीले १७ रन बनाए । एपिएफका लागि अमर रौतेला र रोहित पौडलले समान दुई-दुई विकेट लिए भने मौसम ढकालले एक विकेट झारे।

कीर्तिपुरस्थित त्रिवि मैदानमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको एपिएफले निर्धारित ५० ओभरमा नौ विकेट गुमाउँदै दुई सय ४६ रनको योगफल बनाएको थियो। एपिएफका लागि आशिफ शेखले सर्वाधिक ५९ रनको योगदान दिएका थिए । कप्तान रोहित पौडेलले ७४ बल खेल्दै पाँच चौका र दुई छक्काको मद्दतमा ५८ रन जोडे भने अमर रौतेलाले ५७ बल खेल्दै दुई चौका र तीन छक्काको मद्दतमा ४९ रन बनाए। त्यस्तै सन्दीप जोराले २०, सुमित महर्जनले नौ, भुवन कार्कीले आठ तथा लोकेश बमले छ रन जोडे । मधेस प्रदेशका रुपेश सिंह र प्रदीप पासवानले समान तीन-तीन विकेट लिए।

# जापानद्वारा अमेरिकाबाट लामो दूरीको ४०० क्षेप्यास्त्र खरिद सम्झौता

**एएफपी**

टोक्यो । जापानले क्षेत्रीय सुरक्षा खतराको सामना गर्न आफ्नो सैन्य क्षमता बढाउनका लागि बिहीबार आफ्नो सहयोगी अमेरिकासँग चार सय वटा लामो दूरीको टोमाहक क्षेप्यास्त्र खरिदसम्बन्धी एक सम्झौतामा हस्ताक्षर गरेको छ।



बढ्दो चिनियाँ शक्ति र आणविक हतियारयुक्त उत्तर कोरियाको सामना गर्दै जापानी सरकारले सन् २०२७ सम्म आफ्नो रक्षा खर्चलाई दोब्बर बनाएर नाटोको मापदण्डअनुसार कूल गार्हस्थ्य उत्पादनको दुई प्रतिशतसम्म बनाउने योजना बनाइरहेको छ। एक हजार छ सय किलोमिटरसम्म मार हान्न सक्ने दुई प्रकारका टोमाहकहरू दुई अर्ब ३५ करोड अमेरिकी डलरसम्मको बिक्रीलाई नोभेम्बरमा वासिङ्टनले अनुमोदन गरेको थियो।

"यो हस्ताक्षरको निष्कर्षका साथ टोमाहक क्षेप्यास्त्र खरिद कार्य सुरु हुनेछ", टोक्योमा सम्झौतामा हस्ताक्षर भएपछि रक्षा मन्त्रालयका एक अधिकारीले बिहीबार पत्रकारहरूसँग भन्नुभयो, "रक्षा बजेटको सुदृढ कार्यान्वयनमार्फत हामी आफ्नो रक्षा क्षमतालाई व्यापकरूपमा सुदृढ गर्नेछौं ।"जापानले अप्रिलदेखि लागु हुने अर्को आर्थिक वर्षका लागि ५६ अर्ब डलरको कीर्तिमानी रक्षा बजेट स्वीकृत गरेको छ । जापानसँग युद्धपछिको शान्तिवादी संविधान छ । उक्त संविधानले आफ्नो सेनालाई स्पष्टरूपमा रक्षात्मक उपायहरूमा सीमित गर्दछ।

यद्यपि गत वर्ष प्रमुख सुरक्षा तथा रक्षा नीतिहरूलाई अद्यावधिक गर्दा टोक्योले चीनले प्रस्तुत गरेको चुनौतीहरूलाई स्पष्टरूपमा रेखाङ्कित गर्यो। अघिल्लो दिनको एक पत्रकार सम्मेलनमा अमेरिकी राजदूत रहम इमानुएलले जापानको नयाँ रक्षा प्रयासको प्रशंसा गर्नुभयो । "आक्रमणकारीहरू झनझन थप जुझारु हुँदै जाँदा जापान आक्रामकताको लागत बढाएर शान्ति र समृद्धिको रक्षाका लागि जुट्ने मुलुकहरूमा अग्रपङ्क्तिमा रहेको छ", उहाँले भन्नुभयो।

अमेरिकालाई इजाजतपत्रअन्तर्गत जापानमा बनेको प्याट्रियट क्षेप्यास्त्रहरू बिक्री गर्न सक्षम बनाउन गत महिना टोक्योले हतियार निर्यात नियन्त्रणलाई खुकुलो बनाएको थियो। युक्रेनलाई हतियार पठाएपछि अमेरिकाले आफ्नो स्टक भर्न खोजिरहेको छ।

# सन् २०२३ मा यूरोपका विद्युतीय कार बिक्रीमा सुधार

**एएफपी**

पेरिस । सन् २०२३ मा यूरोपमा नयाँ मोडेलका कारको बिक्रीमा १३.९ प्रतिशतले वृद्धि भएको छ भने विद्युतीय सवारी साधनले पहिलो पटक डिजेललाई उछिनेको 'यूरोपियन अटोमोबाइल म्यानुफ्याक्चरर्स एसोसिएसन' ले बिहीबार जनाएको छ।



एसोसिएसनका अनुसार सन् २०२३ मा विद्युतीय कारको बिक्री अघिल्लो बर्षको तुलनामा ३७ प्रतिशतले बढेको छ भने नयाँ कारको कूल बिक्रीमा १४.६ प्रतिशतले वृद्धि भएको छ ।यो आँकडा सन् २०२२ को तुलनामा कूल बिक्रीमा निकै कमी हो। गत बर्ष नयाँ सवारी दर्ता सन् १९९३ यताकै सबैभन्दा न्यून स्तरमा झरेको थियो । सन् २०२२ को तुलनामा फ्रान्स, इटाली र स्पेनमा बिक्रीमा दोहोरो अङ्कको वृद्धि भएको छ।

कार कम्पनीहरूले जीवास्म इन्धन जलेर चल्ने इन्जिन गाडीहरूको बिक्री चरणबद्ध रूपमा समाप्त गर्न युरोपेली युनियनले २०३५ को समयसीमा तोकेको छ । गत वर्ष हाइब्रिड कारको बिक्री पनि करिब ३० प्रतिशतले बढेको थियो।

यद्यपि, पेट्रोल कारहरू अझै पनि नयाँ वाहन बजारको एक ठूलो हिस्सा रहेको छ । पेट्रोल कारको बजारले गत बर्ष यूरोपभरको बिक्रीको ३५.३ प्रतिशत अर्थात् ३७ लाख कार हरूको विक्रीको प्रतिनिधित्व गरेको थियो।

भोल्क्सवागनले सन् २०२३ मा अघिल्लो वर्षको तुलनामा १८ प्रतिशत बढी अर्थात् २८ लाख नयाँ कार बिक्री गरेको उक्त कम्पनीले जनाएको छ।

# आकास एयरद्वारा बोइङका १५० विमान माग

**एएफपी**

नयाँदिल्ली। भारतको नयाँ वायुसेवा कम्पनी आकास एयरले बिहीबार १५० वटा बोइङ ७३७ म्याक्स विमान माग गरेको जनाएको छ।

गत जनवरीको सुरुमा अलास्का एअरलाइन्सको विमानमा प्राविधिक समस्या हुँदा आपतकालीन अवतरण गर्न बाध्य भएपछि अमेरिकी उड्डयन कम्पनी बोइङको ७३७ म्याक्स ९ जेटविमानका कारण कम्पनीको विश्वव्यापी रूपमा चर्को आलोचना भइरहेको छ।

आकास एयरका प्रमुख कार्यकारी अधिकृत विनय दुबेले ७३७ म्याक्स १० र ७३७ म्याक्स ८-२०० जेटका लागि भएको 'ऐतिहासिक' मागपछि भरतीय एयरलाइन्सलाई 'विश्वको शीर्ष ३० अग्रणी एयरलाइन्समध्ये एक बन्ने' मार्गमा लैजाने बताउनुभयो।

सन् २०२१ मा ७२ वटा र सन् २०२३ मा थप चारवटा विमानको माग गरिसकेको आकास बोइङको बलियो सहयोगी रहँदै आएको छ। प्रमुख कार्यकारी अधिकृत दुबेले भन्नुभयो, "आकास एयरको विमान वृद्धिले 'भारतको उड्डयन बजारको प्रतिज्ञा'लाई पूरा गर्ने प्रयासमा टेवा पुग्नेछ। यो मागमा अलास्का एअरलाइन्सको विवादित बोइङको म्याक्स ९ विमान समावेश गरिएको छैन।

कुनै पनि भारतीय एयरलाइन्सले बोइङ म्याक्स ९ विमान प्रयोग गर्दैनन् ।देशको उड्डयन नियामक निकायले दुई साताअघि ७३७ ८ म्याक्स विमानको परीक्षण सन्तोषजनकरूपमा सम्पन्न भएको बताएको थियो।

# थाई नागरिकलाई ५० वर्षको कारागार सजाय

**एएफपी**

बैङ्कक । एक थाई व्यक्तिलाई राजतन्त्रको आलोचना गरेको आरोपमा बिहीबार ५० वर्षको कारागार सजाय दिइएको एक कानूनी अधिकार समूहले बताएको छ। मुलुकको कडा शाही अपमान कानूनअन्तर्गत दिइएको यो सबैभन्दा लामो कारागार सजाय हो।

थाइल्यान्डले प्रजातन्त्र समर्थक प्रदर्शनकारीहरूविरुद्ध विवादास्पद कानूनको प्रयोगलाई बढावा दिएपछि यो कीर्तिमानी सजाय धेरै वर्षपछि आएको छ । आलोचकहरूले उक्त सजायलाई असहमतिलाई मौन बनाउने रणनीति भनेका छन्।

उत्तरी सहर चियाङ रायको एक पुनरावेदन अदालतले पूर्वप्रजातन्त्र समर्थक कार्यकर्ता ३० वर्षीय मोङ्कोल थिराकोटलाई उहाँको निजी फेसबुक अकाउन्टमा पोस्ट गरेको आरोपमा कूल ५० वर्षको कारागार सजाय सुनाएको छ। उहाँलाई सुरुमा तल्लो आपराधिक अदालतले २८ वर्षको कारागार सजाय सुनाएको थियो तर पुनरावेदनका क्रममा अन्य ११ मुद्दामा दोषी पाइएपछि लामो सजाय सुनाइएको हो।

"पुनरावेदन अदालतले मोङ्कोल थिराकोटलाई उहाँको २७ फेसबुक पोस्टमा ११२ का लागि २२ वर्षको सजाय सुनाएको छ, यो प्रारम्भिक अदालतले पहिला नै फैसला गरेको २८ वर्षको सजायबाहेकको हो, उहाँको कूल कारागार सजाय ५० वर्षको छ", थाई लयर्स फर ह्युमन राइट्स (टिएलएचआर) ले विज्ञप्तिमा भनेको छ।

राजा महा वजिरालोङ्कोर्न र उहाँका निकट परिवारलाई आलोचनाबाट बचाउन सक्ने लेज-म्याजेस्टेलाई प्राय आपराधिक संहिताको प्रासङ्गिक खण्डपछि थाइल्यान्डमा ११२ भनिन्छ। टिएलएचआरका अनुसार उक्त सजाय शाही मानहानिका लागि दिइएको सबैभन्दा लामो सजाय हो । यसले सन् २०२१ मा कुनै एक महिलालाई दिइएको ४३ वर्षको कारागार सजायको पछिल्लो कीर्तिमानलाई तोडेको छ । अनलाइन कपडा पसलका मालिक मोङ्कोललाई पहिलो पटक सन् २०२१ मा राजनीतिक बन्दीहरूको रिहाइको मागलाई लिएर भएको एउटा विरोध प्रदर्शनका क्रममा गिरफ्तार गरिएको थियो।

सन् २०२० र सन् २०२१ मा युवाहरूको नेतृत्वमा भएको प्रदर्शनमा हजारौं मानिस सडकमा उत्रिएका थिए। प्रदर्शनमा कडा लेज-म्याजेस्टे कानूनमा परिवर्तनको माग गरिएको थियो । टिएलएचआरले मोङ्कोलको सजायविरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन गरिने जनाएको छ । टिएलएचआरका अनुसार सन् २०२० मा विरोध आन्दोलन सुरु भएयता दुई सय ५० भन्दा धेरै कार्यकर्तामाथि लेज-म्याजेस्टे कानूनअन्तर्गत आरोप लगाइएको छ। बुधबार मुख्य आन्दोलनका नेताहरूमध्येका एक वकिल अर्नोन नम्पालाई लगाइएको चार वर्षको लेज-म्याजेस्टे सजायलाई थप चार वर्ष बढाइएको छ।

# पाकिस्तानद्वारा इरानस्थित 'आतङ्कवादी आश्रयस्थल'मा हवाई आक्रमण

**एएफपी**

इस्लामावाद । तेहरानले पाकिस्तानी भूमिमा आक्रमण गरेको एक दिनपछि पाकिस्तानले इरानमा रहेका आतङ्कवादी आश्रयस्थलमा लक्षित हवाई आक्रमण गरेको बिहीबार जनाएको छ।

इरानको दक्षिणपूर्वी क्षेत्रमा भएको विस्फोटमा परी तीन महिला र चार बालबालिकाको मृत्यु भएको इरानी सरकारी सञ्चारमाध्यमले जनाएका छन् । बिहीबार बिहान पाकिस्तानले इरानको सिस्टान-ओ-बलुचिस्तान प्रान्तमा आतङ्कवादी लुकेका स्थानहरूलाई लक्षित गरी शृङ्खलाबद्ध सैन्य आक्रमण गरेको पाकिस्तानी विदेश मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

इरानले पाकिस्तानमा मङ्गलबार राति 'आतङ्कवादी समूह' विरुद्ध आक्रमण गरेको पुष्टि गरेपछि उक्त आक्रमण भएको हो ।पाकिस्तानको विदेश मन्त्रालयले भनेको छ, "ठूलो परिमाणमा आतङ्कवादी गतिविधि हुन लागेको विश्वसनीय गुप्तचर सूचनाको आधारमा बिहीबार हवाई आक्रमण गरिएको छ।"सरवन शहरवरपरका विभिन्न क्षेत्रमा विस्फोटको आवाज सुनिएको इरानको सरकारी समाचार संस्था इरनाले एक प्रान्तीय अधिकारीलाई उद्धृत गरी जनाएको छ।

पाकिस्तानको विदेश मन्त्रालयले बुधबार इरानबाट आफ्ना राजदूतलाई सोधपुछका लागि विदेश मन्त्रालयमा बोलाउनुअघि र तेहरानका राजदूतलाई देश फर्कनबाट रोक्नुअघि 'पाकिस्तानको सार्वभौमिकताको अकारण र खुल्लमखुल्ला उल्लङ्घन' को निन्दा गरेको थियो ।तेहरानले इराक र सिरियामा पनि 'इरानी विरोधी आतङ्कवादी समूह' विरुद्ध आक्रमण गरेपछि इरान सरकारले पाकिस्तानमा जैश अल-अदल समूहलाई लक्षित गरी क्षेप्यास्त्र र ड्रोन आक्रमण गरेको जनाएको थियो।

तेहरान र इस्लामावादले एकअर्कालाई उनीहरूको भूमिबाट आक्रमण गर्न अनुमति दिएको आरोप लगाउँदै आएका छन्, तर दुवैतर्फका आधिकारिक सेनाले आक्रमण गरेको विरलै पाइन्छ ।इजरायलले गाजामा हमासविरुद्ध युद्ध लडिरहेको र यमनमा प्यालेस्टाइन समर्थक हुथी विद्रोहीहरूले 'रेड सी' मा कार्गो जहाजहरूमाथि आक्रमण गरेको समय इरानको आक्रमणले मध्यपूर्वमा थुप्रै सङ्कटहरू थपेको छ।बुधबार इरानका रक्षामन्त्री मोहम्मद रेजा अष्टियानीले तेहरानले आफ्नो सुरक्षाको कुनै सीमा नतोक्ने बताएका थिए।

यसैबीच, इरान र पाकिस्तानको निकट साझेदार चीनले संयमित हुन आग्रह गरेको छ। विदेश मन्त्रालयका प्रवक्ता माओ निङले दुवैले 'तनाव बढाउने खालका गतिविधिबाट बच्नुपर्ने' बताउनुभएको छ ।यसैबीच संयुक्त राज्य अमेरिकाले पाकिस्तान, इराक र सिरियामा इरानले गरेको आक्रमणको निन्दा गरेको छ भने विदेश मन्त्रालयका प्रवक्ता म्याथ्यु मिलरले तेहरानले पछिल्ला केही दिनमा आफ्ना तीन छिमेकीको सार्वभौम सीमा उल्लङ्घन गरेको बताएका छन्।

पाकिस्तानको आधिकारिक वक्तव्यमा बिहीबारको आक्रमण कहाँ भएको थियो भन्नेबारे केही बताइएको छैन तर पाकिस्तानी सञ्चारमाध्यमका अनुसार यो आक्रमण दक्षिणपश्चिम बलुचिस्तान प्रान्तको पन्जगुर नजिकै भएको थियो ।आक्रमण हुनुभन्दा केही घण्टाअघि पाकिस्तानका कार्यवाहक प्रधानमन्त्री अनवर-उल-हक काकरले इरानी विदेशमन्त्रीसँग भेट गर्नुभएको थियो।

"पाकिस्तानको सार्वभौमिकताको यो उल्लङ्घन पूर्णतया अस्वीकार्य छ र यसको गम्भीर परिणाम हुन सक्छ," पाकिस्तानको विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।आक्रमणमा दुई निर्दोष बालबालिकाको मृत्यु भएको र तीन बालिका घाइते भएको बताइएको छ।

# गाजामा इजरायली आक्रमणमा दर्जनौँको मृत्यु

**एएफपी**

गाजा पट्टी । इजरायली आक्रमणमा परी दर्जनौं व्यक्तिको मृत्यु भएको हमासशासित गाजाको स्वास्थ्य मन्त्रालयले बिहीबार जनाएको छ । नयाँ मध्यस्थता सम्झौताअन्तर्गत प्यालेस्टिनी भूमिमा नयाँ सहायता प्रवेश गरेको र लडाकूहरूले बन्धक बनाएकाहरूको लागि औषधि आपूर्ति भएको समय यो नयाँ आक्रमण भएको मध्यस्थकर्ता कतारले जनाएको छ।



दक्षिणी शहर राफाको एउटै घरमा भएको आक्रमणमा परी १६ जनासहित बुधबार रातभरको आक्रमणमा ९३ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ ।प्यालेस्टिनी मन्त्रालयले भनेको छ, "एउटा घरमा भएको आक्रमणमा परी १६ जनाको मृत्यु भएको छ भने मृत्यु हुनेमा अधिकांश महिला र बालबालिका रहेका छन् । घटनामा २० जना घाइते भएका छन्।"

दक्षिणी शहर खान युनिस र मध्य गाजामा प्यालेस्टिनी शरणार्थी शिविरमासमेत दर्जनौं आक्रमण भएको मन्त्रालयले जनाएको छ । हडतालपछि बिहानै खान युनिसमाथि कालो धुवाँको मुस्लो देखिएको थियो ।इजरायलमाथि अक्टोबर ७ मा हमासले एक्कासी गरेको अकल्पनीय आक्रमणका कारण करिब एक हजार १४० जनाको मृत्यु भएपछि इजरायलद्वारा आक्रमण शुरू गरेको थियो । इजरायली बमबारी र स्थलगत आक्रमणमा परी कम्तीमा २४ हजार ४४८ जना प्यालेस्टिनीको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

हमास र अन्य लडाकूहरूले अक्टोबर ७ मा भएको आक्रमणका क्रममा करिब २५० जनालाई बन्धक बनाएका थिए र तिमध्ये करिब १०० जनालाई युद्धविराम र बन्धकतथा कैंदी फिर्ता गर्ने सम्झौता अन्तर्गत फिर्ता गरिएको थियो भने अझै १३२ जना गाजामा रहेका छन्।

बनधकमध्ये कम्तीमा २७ जना मारिएको विश्वास गरिएको छ ।फ्रान्स र कतारी मध्यस्थतापछि मङ्गलबार घोषणा गरिएको सम्झौताअनुसार बन्धक र सहायताका लागि आक्रमण हुनुभन्दा 'केही घण्टाअघि' औषधि गाजा प्रवेश गरेको कतारको विदेश मन्त्रालयका प्रवक्ता माजेद अल अन्सारीले बताउनुभएको छ।

दोहा र फ्रान्सले औषधि र खाद्यान्नसहित उपलब्ध गराएको ६१ टन सहयोग लिएर दुई विमान गाजाको सीमा नजिकै रहेको इजिप्टको एल-अरिश शहरमा आइपुगेको कतारले जनाएको छ ।रेडक्रसको अन्तर राष्ट्रिय समितिले यस सम्झौतालाई 'राहतको अति आवश्यक क्षण' को रूपमा स्वागत गरेको छ, जसअन्तर्गत ४५ बन्धकहरूले औषधि प्राप्त गर्ने अपेक्षा गरिएको छ।फ्रान्सले ती औषधिहरू राफाको एक अस्पतालमा पठाइने र रेड क्रसलाई दिइने र बन्धकहरूलाई हस्तान्तरण गर्नुअघि समूहमा विभाजन गरिने बताएको छ।

यसैबीच, इजरायली रक्षामन्त्री योआभ ग्यालेन्टले गाजाको मुख्य दक्षिणी शहर खान युनिसमा हमास नेतृत्वलाई ध्वस्त पार्न सेनाले कडा प्रहार गरिरहेको बताउनुभएको छ।

# नौ करोडको अदुवा बिक्री

**टुडे समाचारदाता**

त्रिवेणी । व्यावसायिकरूपमा अदुवाखेती गर्नुभएका रुकुमपश्चिमको त्रिवेणी गाउँपालिका-४ खुम्चेरीका नरबहादुर खड्काले यस वर्ष अदुवा बिक्रीबाट राम्रो आम्दानी भएको बताए । गत वर्षको भन्दा यस वर्ष अदुवाले दोब्बर मूल्य दिँदा बिक्रीबाट रु एक लाख आम्दानी भएको उनको भनाइ थियो । विगत २० वर्षदेखि अदुवाखेतीमा लाग्नुभएका खड्काले निरन्तर अदुवाखेती गर्दै आएका छन् ।

यस वर्ष उत्पादन भएको तीन क्विन्टलभन्दा बढी अदुवा बीउको लागि र १२ क्विन्टल अदुवा प्रतिक्विन्टल रु चार हजारदेखि रु आठ हजारका दरले बिक्री गरेको खड्काले बताए । सोही ठाउँकै ५५ वर्षीय किसान हरिबहादुर खड्काले यस वर्ष अदुवा उत्पादनमा केही कमी भए पनि मूल्य भने राम्रो पाइएकामा भने खुसी भएको बताए । विगत ३० वर्षदेखि निरन्तर कृषि पेसा गर्दै आउनुभएका उनले यस वर्ष अदुवा बिक्रीबाट रु एक लाख ५० हजार आम्दानी गरेको बताए । अदुवा गाउँबाटै खैन (खानका लागि प्रयोग) प्रतिक्विन्टल रु चार हजार र बीउको लागि प्रयोग हुने अदुवा प्रतिक्विन्टल रु आठ हजारदेखि रु १० हजारसम्ममा बिक्री भएको थियो ।

जिल्लामा यस वर्ष किसानले उत्पादन गरेको अदुवाले राम्रो मूल्य पाए पनि गत वर्षको तुलनामा यस वर्षमा उत्पादनमा भने कमी आएको कृषि विकास कार्यालयका निमित्त प्रमुख मीनबहादुर केसीले जानकारी दिए । उनका अनुसार उत्पादनमा कमी भए पनि अदुवाको मूल्य तेब्बरले वृद्धि हुँदा किसानले गत वर्षको भन्दा राम्रो आम्दानी गरेका हुन् । गत वर्ष प्रतिक्विन्टल रु दुई हजार पाँच सयमा अदुवा बिक्री गरेका किसानले यस वर्ष प्रतिक्विन्टल रु पाँच हजारदेखि रु आठ हजारसम्ममा बिक्री गरेका छन् । जिल्लामा मुख्यगरी त्रिवेणी गाउँपालिकामा राम्रो अदुवा उत्पादन हुने गरेको छ । त्यस्तै सानीभेरी गाउँपालिका, मुसीकोट नगरपालिका र आठबीसकोट नगरपालिकामा पनि केही मात्रामा अदुवा उत्पादन हुने गरेको निमित्त प्रमुख केसीले जानकारी दिए ।

यस वर्ष जिल्लाबाट एक हजार छ सय मेट्रिक टन अदुवा बिक्री हुँदा रु आठ करोड ८० लाख आम्दानी भएको छ भने अझै केही अदुवा बिक्री गर्न बाँकी छ । अदुवा उत्पादनबाट रु ४० हजारदेखि रु पाँच लाखसम्म किसानले आम्दानी गर्ने गरेको उनले बताए । अदुवा उत्पादन गर्ने किसानको सङ्ख्या जिल्लामा चार सय हाराहारीमा भए पनि व्यावसायिकरूपमा अदुवाखेती गर्ने किसानको सङ्ख्या ६० देखि ७० रहेको निमित्त प्रमुख केसीले जानकारी दिए ।

सामान्य खेती गर्ने किसानले दुई रोपनीदेखि व्यावसायिकरूपमा खेती गर्ने किसानले ३० रोपनी जग्गामा अदुवाखेती गर्ने गरेका छन् । "गत वर्ष जिल्ल्लामा प्राङ्गारिक कृषक प्रमाणित भएका तीन सय एक किसानले उत्पादन गरेको अदुवा सुर्खेतमा रहेको द अर्ग्यानिक भ्यालीसँग समन्वय गरेर कृषि विकास कार्यालयले बिक्री गरेको थियो ।

यस वर्ष भने व्यापारीले किसानकै बारीमा आएर अदुवा खरिद गरेकाले बजारको समस्या भएन । किसानले आफैँ राम्रो मूल्यमा अदुवा बिक्री गरेका छन्", उनले भने । जिल्लामा उत्पादन भएको अदुवा दाङ, नेपाजगञ्ज र काठमाडौँसम्म जाने गरेको छ ।

अदुवा लगाएको निश्चित समय नपुग्दै साउनको अन्तिममा बुर्णा (नयाँ तयार नहुँदै निकालिएको पुरानो बीउ) निकाल्नुपर्नेमा असारमै निकालेको यस वर्ष अदुवा उत्पादनमा कमी आएको उक्त कार्यालयको भनाइ थियो ।

# हेटौँडा सिमेन्टको उत्पादन सुरु हुने

**टुडे समाचारदाता**

मकवानपुर । कोइला व्यवस्थापन हुन नसक्दा करिब तीन महिनाअघिदेखि बन्द रहेको हेटौँडा सिमेन्ट उद्योगले माघ तेस्रो सातादेखि उत्पादन सुरु गर्ने योजना बनाएको छ । आर्थिक अभावले कोइला आपूर्ति हुन नसकेपछि उद्योग बन्द गरिएकामा सरकारले अनुदान उपलब्ध गराएमा माघ तेस्रो सातादेखि उत्पादन सुरु गर्ने योजना रहेको उद्योग कार्यालयले जनाएको छ ।

उद्योगका महाप्रबन्धक वसन्तराज पाण्डेले विहिबार कुरा गर्दै उद्योग व्यवस्थापनले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र उद्योग वाणिज्य तथा आपूर्तिमन्त्रीसमक्ष सरकारको तर्फबाट केही अनुदान उपलब्ध गराउन अनुरोध गरेको जानकारी दिए । यथाशीघ्र उद्योगलाई आवश्यक पर्ने कोइला आपूर्ति गर्नका लागि अनुदान उपलब्ध गराउन अनुरोध गरिएको जनाउँदै उनले माघ तेस्रो सातासम्ममा कोइला खरिद प्रक्रिया सुरु गरी सिमेन्टको उत्पादन सुरु गर्ने लक्ष्य रहेको बताए ।

उद्योगले सिमेन्ट उत्पादन गर्न आर्थिक सङ्कटका कारण कठिनाइ व्यहोर्नुपरिरहेको छ । उक्त उद्योग व्यवस्थापनले अहिले पर्याप्त आर्थिक स्रोत जुटाउने प्रयास गर्दागर्दै पनि तत्काल स्रोत जुटाउन नसक्दा बोलपत्र आह्वानमार्फत कोइला खरिद गरी ल्याउने कार्यमा अहिले अवरोध उत्पन्न भएको जनाएको छ ।

सो उद्योगलाई हाल नियमित उत्पादन सुरु गर्न करिब तीन हजार मेट्रिक टन कोइला आवश्यक पर्ने र सो कोइलाले एक महिनासम्म सिमेन्ट उत्पादन गर्न पुग्ने




उद्योगका नायब महाप्रबन्धक नवीनकुमार कर्णले जानकारी दिए । उनका अनुसार अहिले उद्योगको भण्डारणमा करिब छ सय मेट्रिक टन मात्रै कोइला रहेको छ । उद्योगबाट उत्पादित मौज्दात सिमेन्ट दुई लाख २५ हजार बोरा तत्काल विभिन्न सहरमा बिक्री हुन नसकेकाले आर्थिक सङ्कट आइपरेको कर्णले बताए ।

सङ्घीय सरकारका उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेशप्रसाद रिजालले केही दिनअघि उद्योगको आकस्मिक अनुगमन गर्नुभई के-कति कारणले आर्थिक सङ्कट आइपरेको अवलोकन गरेका थिए । उनले जीर्ण भएका उपकरणलाई तत्कालै मर्मतसम्भार गरी सञ्चालन गर्ने विषयमा पनि जानकारी लिएका थिए । त्यस अवसरमा मन्त्री रिजालले उद्योगलाई यथाशीघ्र सञ्चालनमा ल्याउन प्रधानमन्त्री र आफ्नो मन्त्रालयले सक्दो अनुदानको व्यवस्था गराउनेतर्फ पनि विचारविमर्श भइरहेको जानकारी दिएको नायब महाप्रबन्धक कर्णले बताए ।

उद्योगका महाप्रबन्धक पाण्डेले उद्योगको साविक सिमेन्ट उत्पादन गर्ने दैनिक १६ हजार बोरा लक्ष्य रहेको भए पनि अहिले विभिन्न उपकरण जीर्ण भइसकेकाले दैनिक १० हजार बोरा मात्रै उत्पादन गर्ने गरिएको जानकारी दिए ।

विसं २०३३ मा हेटौँडा सिमेन्ट उद्योग स्थापना गरिएकामा विसं २०४३ मङ्सिर २६ देखि व्यावसायिकरूपमा उत्पादन गरी काठमाडौँलगायत विभिन्न सहरमा बिक्री वितरण भइरहेको उद्योग व्यवस्थापनले जनाएको छ । तत्कालीन श्री ५ को सरकारको रू एक अर्ब २६ करोड लगानीमा उद्योग स्थापना गरी सञ्चालनमा ल्याइएको थियो ।

अहिले उद्योगमा प्रशासन, लेखा र मजदुर गरी एक सय ५० भन्दा बढीले प्रत्यक्ष रोजगारी पाइरहेका छन् । विभिन्न मेसिन तथा उपकरणलाई मर्मतसम्भार गरी नयाँ प्रकृतिबाट सञ्चालनमा ल्याएमात्रै हेटौँडा सिमेन्ट उद्योगलाई आर्थिक सङ्कटमुक्त बनाउन सकिने मकवानपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवालले बताए । उनले यो उद्योग नियमिन सञ्चालनमा आए देशको सिमेन्ट आपूर्तिमा ३० प्रतिशतले सहयोग पुग्ने जानकारी दिए ।

# तरकारीखेतीमा रमाएका दीपबहादुर

**टुडे समाचारदाता**

नारायणगढ । जिन्दगीको पचास वसन्त पार गर्दासम्म रत्ननगर-११ जिरौना चितवनका दीपबहादुर थापामगरलाई तरकारीखेती गरेर आम्दानी गर्न सकिन्छ भन्नेमा ध्यान गएको थिएन । आफ्नो ऊर्जाशील समय परम्परागत शैलीमा खेती गर्दै जीवन निर्वाह गरेका मगरले आम्दानी गर्नका लागि धेरै काम गरे पनि यसअघि सन्तुष्टी नमिलेको बताए ।

विसं २०३६ मा धादिङबाट चितवन झरेको मगरको परिवार यहाँ आएर धान र मकैखेती थालेका थिए । परम्परागत खेतीबाट वर्षभरि खान र जसोतसो घरखर्च मात्र चल्ने गरेको मगरको भनाइ थियो । "छोराछोरी बढ्दै जान थालेपछि खर्च पनि बढ्न थाल्यो । परम्परागत खेतीबाट जीविकोपार्जन गर्न नसकिने लागेपछि घर वरपरका मानिसले व्यावसायिक तरकारीखेती गरेको देखेर आफू पनि यसप्रति आकर्षित भएको थिएँ", उनले भने ।

विगत पाँच वर्षयता मगरले दुई बिघा क्षेत्रफलमा व्यावसायिक तरकारीखेती गर्दै आएका छन् । आफ्नो १० कठ्ठा र भाडाको डेढ बिघा जमिनमा उनले तरकारीखेती



गरेका हुन् । उनले भने, "दुई बिघा क्षेत्रफलमा टमाटर सिमी, काँक्रो, करेला र लौकाको खेती गर्दै आएको छु । गाउँका अरु दाजुभाइ र तराईका जिल्लाबाट पनि यहाँ आएर भाडामा तरकारीखेती गरेको देखेर मैले पनि सुरु गरेको हो ।"

व्यावसायिकरूपमा तरकारीखेती गर्नका लागि कुनै तालिम नलिएको मगरको भनाइ छ । "भाटा बाँध्न, जाल बुन्न, डोरी बाँध्न, सिँचाइ गर्न, दबाई हाल्न, ड्याङ बनाउन अरुको हेरेर मैलै सिकेको हो । मैलै कुनै तालिम लिएको छैन आफैँले हेरेर सिकेको हो", उनले भने ।

भाडाको जग्गामा उनले वार्षिक प्रतिकठ्ठा रू चारु हजार तिर्छन् । पाँच वर्षको अवधिमा उनले कुनै समय निकै राम्रो आम्दानी गर्नुभयो भने कुनै समय बराबरमा चित्त बुझाउनुपरेको बताए । उनले थपे, "परार सालमा राम्रो भाथ्यो लगभग डेढ बिघामा लगाएको तरकारीले रू१७ लाख आम्दानी भएको थियो ।"

यस वर्ष मगरले सिमी र टमाटरमा रू छ लाख लगानी गरेको बताए । भनेजस्तो भाउ पाएमा रू छ लाखको लगानीबाट रू १५ लाखनभन्दा बढी आम्दानी गर्न सकिने उनले जानकारी दिए । भाउमा एकरुपता नुहँदा आम्दानी निश्चित नुहने उनले गुनासो गरे । "तरकारीको भाउ निश्चित हुँदैन, दर घट्ने बढ्ने भइरहन्छ । कहिले ह्वात्तै घट्छ, कहिले बढ्छ । परार सालमा राम्रो भाउ परेको थियो र त्यही आम्दानीले घर बनाएँ ।"

तरकारीखेतीको आम्दानीले घर बनाउनेदेखि छोराछोरीको विवाह गर्ने र विदेश पठाउने काम गरेको मगरले बताए । "छोरा र छोरीको बिहे भयो । छोरा, बुहारी र ज्वाइँ विदेशमा छन् । छोरी पनि उतै जाने प्रक्रियामा छन्", उनले भने, "छोरालाई यही केही गरौँ भनेको मानेन बाहिर गयो । हामी बूढाबूढी यही कुटो-कोदालो गरेर बसेका छौँ ।" तरकारीखेती गरेर सन्तुष्ट भइरहँदा छोराछोरीलाई यही रोक्न नसकेकामा मगरलाई त्यती खुसी मिलेको छैन ।

उनलाई तरकारीखेती गर्न कामदारको अभाव छैन । नियमितजस्तै पाँच-छ जनालाई उनले रोजगारी दिनुभएको छ । निकै मेहनत गरेर उब्जाएको तरकारी बिक्री गर्ने बेलामा भाउ घट्दा मन खिन्न हुने मगरको भनाइ थियो । उनले भने, "राम्रो उत्पादन हुन्छ, दुःख गरेर उब्जाएको तरकारीको मूल्य नपाएर फाल्नुपर्दा साह्रै नमज्जा लाग्छ ।"

एक बिघा क्षेत्रफलमा टमाटरखेती गर्दा रू आठ लाखजति लगानी हुने र खर्च कटाएर रू १० लाखभन्दा बढी आम्दानी गर्न सकिने कृषक मगरले जानकारी दिए । क्रेटको रू पाँच सयमात्रै भाउ भएमा टमाटरमा घाटा नपर्ने उनको भनाइ थियो ।

# चिस्यान गृहमा सुन्तला भण्डारण

**टुडे समाचारदाता**

म्याग्दी । म्याग्दीको बेनी नगरपालिकाका कृषकले उत्पादन गरेको सुन्तला चिस्यान गृहमा भण्डारण गरिएको छ । बेनी-४ सिंगामा निर्माण भएको चिस्यान गृहमा सुन्तला भण्डारण गरिएको हो । बेनी-४ का वडाध्यक्ष अणबहादुर खड्काले बेमौसममा बजारमा पठाउने तयारीसहित चिस्यान गृहमा सुन्तला भण्डारण गरिएको बताए ।

"बेनी -३ को मरेक, राखु, वडा नम्बर-४ को बास्कुना, सुर्केमेला र थामडाँडाका कृषकबाट चार सय क्रेट सुन्तला सङ्कलन गरेर राखेका छौँ", उनले भने, "सुन्तलापछि जिल्ला भरका कृषकले उत्पादन गरेको आलुलगायत कृषिउपज भण्डारण गर्ने तयारी गरेका छौँ ।"

नगरपालिकाले क्रेट र कृषकले सुन्तला उपलब्ध गराएका छन् । चिस्यान गृहमा राखेको सुन्तला अगामी फागुन चैत महिनाको बेमौसममा बजारमा पठाएर बढी मूल्य पार्न सकिने वडाध्यक्ष खड्काले बताए । कृषिउपज सङ्कलन, भण्डारण र व्यवस्थापनका लागि बेनी नगरपालिकाले गत असोजमा चिस्यान गृह निर्माण सम्पन्न गरेको थियो ।

रु एक करोड ८३ लाख ४४ हजार तीन सय ७२ लागत अनुमान गरिएको चिस्यान गृह बनाउन राजेशबाबु निर्माण सेवा जाजरकोटसँग रु एक करोड ५१ लख २० हजार सात सय ३८ मा २०७९ फागुन तेस्रो साता सम्झौता भएको थियो । तापक्रमलाई सन्तुलित बनाइराख्ने



उपकरण र संरचना भएको सो चिस्यान गृहको क्षमता तीन सय मेट्रिक टन रहेको छ । नगर र म्याग्दीका अन्य पालिकामा उत्पादन हुने कृषिजन्य उत्पादनको उचित व्यवस्थापनमा चिस्यान गृह सहयोगी बन्ने अपेक्षा गरिएको छ । चिस्यान गृह नगरपालिकाको गत आर्थिक वर्षको सबैभन्दा ठूलो र प्राथमिकता प्राप्त योजना हो ।

तीन वर्षअघि बेनी नगरपालिकालाई चिस्यान गृह बनाउन सङ्घीय सरकारबाट बजेट विनियोजन भए पनि स्थान छनोट हुन नसकेपछि कार्यान्वयन हुन सकेको थिएन । चिस्यान गृह बनेपछि सुन्तला, आलुलगायत कृषिउपज भण्डारण गरेर बेमौसममा बजारमा आपूर्ति गराउन र बढी मूल्य पार्न सकिने कृषकसमेत रहेका वडासदस्य सन्दीप खत्रीले बताए ।

म्याग्दीको रघुगङ्गा गाउँपालिका-५ झिँमा २० मेट्रिक टन र वडा नम्बर २ भगवतीमा २५ मेट्रिक टन क्षमताको चिस्यान गृह निर्माण भएको छ । झिँमा रु २१ लाख ७८ हजारको लागतमा चिस्यान गृह निर्माण भएको गाउँपालिकाका इञ्जिनियर सुदीप गौतमले जानकारी दिए ।

भगवतीको चिस्यान गृह बनाउन डोलेश्वर महादेव कन्ट्रक्सन एण्ड सप्लायर्सले करबाहेक रु ७९ लाख ७० हजार ८४ मा ठेक्का सम्झौता गरेको थियो । दुई वटै चिस्यान गृह प्रयोगमा भने आएका छैनन् ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सहयोगमा बेनी -९ बियाडामा पाँच हजार किलोग्राम क्षमताको चिस्यान गृह निर्माण भएको छ । यसअघि गत वर्ष अन्नपूर्ण गाउँपालिकाको नारच्याङमा २० हजार किलोग्राम क्षमताको चिस्यान गृह निर्माण भएको थियो ।



## सार्वजनिक सूचना प्रकाशन

**नेपाल सरकार**

**अर्थ मन्त्रालय**

**आन्तरिक राजस्व विभाग**

**आन्तरिक राजस्व कार्यालय जनकपुर**

**आयकर ऐन, २०५८ को दफा ८३ तथा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २३ बमोजिम कागजात तथा फाँटवारी पेश गर्ने बारेको सूचना**

यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत दर्ता रहेको तपसिल बमोजिमका करदाताहरुको देहायको आ.व.हरुको कारोवारको छानविन तथा अनुसन्धान गर्नु पर्ने भएकोले आयकर तथा मू.अ.कर विवरणमा उल्लेखित कारोवारलाई पुष्टि गर्ने खरिद तथा विक्री खाता, खरिद तथा बिक्री विजक र बैंक विवरण (Bank Statement) सहितका प्रमाण तथा कागजातहरु लिई सञ्चालक/प्रोप्राईटर स्वयम् वा आधिकारिक प्रतिनिधी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र निवेदन सहित उपस्थित हुन आयकर ऐन, २०५८ को दफा ८३को उपदफा १ तथा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २३ को उपदफा २ बमोजिम यो सूचना जारी गरिएको छ । अन्यथा आयकर ऐन, २०५८(संशोधन सहित), मूल्य अभिबृद्धि कर ऐन, २०५२(संशोधन सहित) तथा प्रचलित अन्य कानून बमोजिम कर निर्धारण भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपसिल**

| सि.नं. | स्थायी लेखा नं. | करदाताको नाम | आय वर्ष | ठेगाना |
|---|---|---|---|---|
| १ | ६०५२३१३७१ | हिना कन्स्ट्रकसन | २०७३/०७४, २०७४।०७५ | कविलासी-८, सर्लाही |
| २ | ६०१४११९६४ | माँ जानकी ट्रेडर्स | २०७१।०७२, २०७३।०७४, २०७४।०७५ | जनकपुर-९, धनुषा । |
| ३ | ६०२१३३५६८ | लुम्बिनी रमण जे.भि | २०७३।०७४ | जनकपुर-९, मुजेलिया, धनुषा । |
| ४ | ३०४९६४९९२ | साक्षी ट्रेडर्स | २०७१।०७२ | जनकपुर-१, मिल्स एरिया, धनुषा । |
| ५ | ३०४२१३५६२ | रिलायन्स केवल एण्ड वायर | २०७४।०७५ | मिथिला-७, ढल्केवर, धनुषा । |
| ६ | ६०७६६५०३९ | आर.के.सप्लायर्स | २०७५।०७६ | मलंगवा-२, सर्लाही । |
| ७ | ६०८८०४७२५ | दुर्गाभवानी सप्लायर्स | २०७५।०७६ | मलंगवा-४, सर्लाही । |
| ८ | ३०४५३८६७८ | मिलन फार्मेशी | २०७४।०७५ | मलंगवा-३, सर्लाही । |
| ९ | ३०२३५६६८९ | अमन ईन्टरप्राईजेज | २०७४।०७५ | मिथिला-८, लालगढ, धनुषा । |
| १० | ६०५४११७७३ | जय हनुमान ट्रेडर्स एण्ड सप्लायर्स | २०७३।०७४, २०७४।०७५, २०७५।०७६ | जनकपुरधाम-८, धनुषा |
| ११ | ६०६१६६६८७ | एभर ग्रीन इन्टरप्राईजेज | २०७३/०७४, २०७४।०७५ | जनकपुरधाम-४, धनुषा |
| १२ | ३०३८४११२६ | महतो विजिनेस कन्सर्न | २०७१।०७२ | कमलामाई-७, सिन्धुली |
| १३ | ३०४५३९८३५ | माहामाया विल्डर्स | २०७१।०७२ | जनकपुरधाम-२२, धनुषा |
| १४ | ६०८०२७५८८ | अलि इन्टरप्राइजेज | २०७५।०७६ | बर्दीवास-१, महोत्तरी |
| १५ | ३०००५५१६० | एम.एम.जी ट्रेडिङ्ग प्रा.लि. | २०७२।०७३. २०७३।०७४ | जनकपुरधाम- १, धनुषा |
| १६ | ६०४८१४६९४ | शुशान्त इन्टरनेशनल | २०७३/०७४, २०७४।०७५ | जनकपुरधाम-४, धनुषा |
| १७ | ६०८९९०५४३ | माता जानकी सप्लायर्स | २०७५।०७६ | मलंगवा-४, सर्लाही । |
| १८ | ३०२३५६८५६ | सेवन सिज जेनरल अर्डर सप्लायर्स | २०७१।०७२ | जनकपुरधाम-८, धनुषा |
| १९ | ६०२१९९३५५ | सिल्भिया अटोइन्टरप्राईजेज | २०७४।०७५ | लालबन्दी-७, सर्लाही । |
| २० | ६०१६६१०७१ | श्याम सुन्दर दिवारोशन जे.भी. | २०७२।०७३ | जनकपुरधाम-४, धनुषा |
| २१ | ६०१४१२४०४ | जलेश्वरनाथ इन्टरनेशनल | २०७१।०७२, २०७३।०७४, २०७४।०७५ | जनकपुरधाम-४, धनुषा |
| २२ | ६०१४१६०७५ | मा जगदम्वा जेनरलअर्डर सप्लायर्स | २०७१।०७२ | जनकपुरधाम-५, धनुषा |

# जाडोबाट बचाउने सहारा नै पराल

**टुडे समाचारदाता**

जलेश्वर । वर्षभरि वस्तुभाउको लागि जम्मा गरेको आहारा (पराल) महोत्तरी जिल्लाको एकडारा गाउँपालिका-३ भटौलिया गाउँका मुसहर समुदायका लागि जाडोबाट बच्ने सहारा बनेको छ । भटौलिया गाउँको उत्तरपट्टी रहेको सय परिवारको मुसहर बस्तीको घरमा बस्तुभाउलाई खुवाउने पराल नै ओढ्ने, पराल नै ओछ्याउने र परालकै आगो तापेर जीउ न्यानो बनाइरहेको दृश्यले त्यहाँका मुसहर समुदायलाई जाडोबाट बचाउने सहारा नै पराल बनेको देखिन्छ।

चिसो स्याँठले असह्य भएको जाडोको बीच चारैतिर परालको कुन्यु, परालबाटै बनेको गुन्द्री, पराल नै जुटको बोरामा कोचेर बनाइएको सिरक, डसना र परालकै आगो बालेर भटौलिया गाउँका सम्पूर्ण मुसहरी (मुसहर बस्ती) यतिबेला जाडो छलिरहेको छ।

चारैतिर खर परालकै झिक्राझिक्री (टाटी) र खर र परालले नै छाएको सानो झुपडीमा उमेरले ६५ वर्ष नाघिसकेका जोगिया सदा आफ्ना लालाबाला र घरपरिवारसहित चिसो स्याँठका बीच बसिरहेको देखियो । उनको शरीरमा समेत चिसो छल्न सक्ने जति लुगाफाटा थिएन भने बालबालिकाको शरीर लुगाफाटाले पूर्ण रुपमा छोपिएको थिएन, महिला इज्जत ढाक्नैका लागि लगाउनुपर्ने लुगाबाहेक अरु बाक्लो कपडामा भेटिदैनन् । आर्थिकरुपले चरम गरिबीले छोएको उनको झुपडीमा कुनै घेराबेर छैन। चिसो आकाशमुनि बस्दै आएको जोगियाको ११ जनाको परिवार जाडो बढेसँगै आगोकै वरिपरि लुटपुटिएको हुन्छ।



उनकै छिमेकी ५० वर्षीया सुमित्रा देवी सदाको अवस्था पनि उस्तै छ। छ/सात जना छोराछोरीसहित उनको परिवार पनि परालको ठुट्टो (लार) ले चारैतिरबाट घेरिएको र माथि च्यातिएको प्लाष्टिकबाट ठाउँ ठाउँमा घरभरि उज्यालो आउँदै गरेको सानो झुप्रोमा बस्दै आएको छ। झुप्रोभित्र चारैतिर पराल ओछ्याएको छ भने राति सुत्नका लागि जुटको ठूलाठूला बोरामा पराल कोचेर ओढ्ने ओछ्याउने विस्तर बनाइएको छ।

उनका कुनै छोराछोरीका जीउमा पनि पूरा कपडा छैनन् । घरभित्रैबाट चिसोले काप्दै सुमित्राले भनिन्, "हजुर हमरा सब लग केऊ नै अबैछै, मैर रहलछी लेकिन केकरो कोनो फिकिर नै है ।" छ वर्षदेखि चिसो, वर्षा र घामको सामना गर्दै यसै झुप्रोमा दिन बिताउन बाध्य उनको परिवारलाई दुई छाक हातमुख जोर्न पनि समस्या छ। उनी भन्छन्, "परिवारमा खानेकुराको अभावले भोकै बस्नुपर्ने अवस्था छ भने लुगाफाटा र ओढ्ने ओछ्याउने कहाँबाट ल्याउनु ?"

वर्षौंदेखि दमरोगको बिरामी रहेकी ६५ वर्षीया अनरिया देवी सदा झुत्रो कम्बल ओढेर काप्दै थिए । आफूलाई पति र छोराछोरीलेसमेत राम्ररी हेरचाह नगरेको भन्दै सहयोगको याचना गर्दै उनले भनिन्, "हजुर मलाई कुनै अनाथालयमा लगिदिनुस्, यो चिसोमा भोकभोकै रहनुपर्दा निकै कष्ट भएको छ। परिवारबाट पनि माया पाएको छैन।"

सोही बस्तीकी ५५ वर्षीया सीतादेवी सदा दुई सातादेखि रातिराति सुत्न पाएकी छैनन्। उनले भनिन्, "हजुर दिनभरि जसोतसो काटे पनि राति काट्न पराल बालेर आगोकै सहाराले नै काट्दै आएको छु। दुई सातादेखिको चिसो स्याँठबाट बालबालिकालाई बचाउन रातभिर पराल र पात पतिङ्गरको घुर जलाएर सुत्नेगरेको छु।"

आगो बालेर सुत्दा जल्ने पोल्ने डरले बालबालिकालाई सुताउँदै आफू रात रातभरि जाग्राम नै बस्ने गरेको उनी बताउँछिन् । चरम गरिबीको कारण खानपानकै जोरजाम पनि राम्ररी पूरा गर्न नसक्ने उनका पति दिनभरि मजदूरी गरेर कमाएको पैसामध्ये आधी मदिरामा उडाइदिने र आधाले जहान परिवारको लागि खानेकुराको जोहो गर्नुपर्दा बालबालिकाहरुको लागि न्यानो लुगाफाटा र पोषिलो खानेकुरा दिन नसकेको उनको दुःखेसो छ।

यस वर्षमा मात्रै नभएर आफूहरुले वर्षौंदेखि जाडोयाममा यसैगरी समय काट्ने गरेको स्थानीय ४८ वर्षीया कोशिला देवी सदाले सुनाउछिन् । दिनमा घाम लागे खुशी हुने र बेलुका घाम ढल्दै जाँदा दुःखी हुँदै रातभरि घुरमा आगो ताप्दै रात बिताउने उनको दिनचर्या बनिसकेको छ। कोशिलाको घरमा उनी र उनका पतिसहित आठ जना बालबालिका छन् भने सबै जना जाडो छल्नका लागि परालकै सहारा नै लिनुपरेको उनले बताए।

शीलतहर, चिसो हावा, बाक्लो हुस्सु र डम्म परेको कठ्याँग्रिदो जाडोकै बीच बस्ती नजिकै अर्काको खेतमा धान बढार्दै गरेकी ७४ वर्षीया भुटीदेवी सदा टाँढैबाट कराउँदै आफ्नो पीडा सुनाउन आई पुगिन् । "हजुर, खान पाएकी छैन् । घरमा अन्नपति छैन, जीउमा लुगा छैन, छानामाथि ओत छैन् जाडोले ज्यानै लिन लाग्यो।" 'हजुर आफैं त कसैगरी जाडो सहन सकिरहेको छु। तर यत्रो सानो बच्चालाई कसरी जोगाउनु । घरमा चारैतिरबाट हावा पस्छ । जाडोले मुटु नै हल्लाउँछ । जस्तोमा ओढ्ने ओछ्याउने नहुँदा मनै रोएर आउँछ । कसैगरी कतैबाट राहत दिलाइदिनुस्।'

कहाँ जाउँ, के गरुँ र कसरी बाँचु भन्ने चिन्ताले उनलाई पिरोलेको छ । उनको सात बालबालिकासहित ११ जनाको परिवार दैनिक मजदूरीबाट जसोतसो चल्दै आएको छ। एकदिन पनि मजदूरी नगरेमा चुल्हो बल्दैन भने परिवारका सबै सदस्य भोकभोकै बस्नुपरेको उनको दुःखेसो छ। "जाडो याममा कहिले काम पाइन्छ, कहिले पाइँदैन र त्यस्तो अवस्थामा भोकै बस्नुपर्ने बाध्यता छ" भुटीले भनिन्, "हजुर कोही दाता छन् भने हामीलाई राहत दिलाइदिनुस् न । जाडो हटेपछि त काम पनि पाइन्छ, बालबालिका पनि भुलाउन सजिलो हुन्छ।"

केही दिनयता तराई/मधेशका जिल्लाहरुमा बाक्लो कुहिरो लाग्ने, घाम नलाग्ने र शीतलहर हुने गरेकाले गरिब तथा विपन्न समुदायका वासिन्दाको जनजीवन निकै कष्टकर बनेको छ । सय परिवार मुसहरको यहाँका जुनसुकै घरमा जानु सबैको उस्तै पीडा देखिन्छ। अभावै अभावमा जीवन काटिरहेका उनीहरुको अवस्था बढ्दो चिसोसँगै चिन्ताजनक हुँदै गएको छ।

# वडा सदस्यहरुद्वारा नगरपालिकामा धर्ना

**टुडे समाचारदाता**



राजविराज । राजविराज नगरपालिकाको मुख्य बजारमा वर्षौ देखि घर तथा खाली जग्गामा भएका हजारौ परिवार वसोवास गर्छन । वाउ-बाजेको पाला देखि रहेको आफ्नो जग्गाको लालपुर्जा नहुँदा समस्या पर्दा बिक्री वितरण गर्न र बैंकमा राखेर ऋण समेत लिन नसकेको स्थितिमा पुग्दा उनीहरु चर्को ब्याजदरमा व्यक्तिसंग ऋण लिन बाध्य भएका छन्।

यिनै मुद्दालाई प्राथमिक्तामा राख्दै विभिन्न ७ बुंदे माग सहित आन्दोलनरत वडा सदस्यहरुले बिहीबार राजविराज नगरपालिकामा एक घण्टा धर्ना दिएका छन्। ७ दिन अघि ७ बुंदे माग राख्दै कार्यवाहक नगर प्रमुख इसरत परवीनलाई ७ दिने अल्टिमेटम सहित बुझाइएको ज्ञापन पत्र उपर खासै पहल नगरेको देखिएकाले बाध्य भइ धर्ना दिएको संघर्ष समितिका संयोजक रामानन्द देवले बताए।

नगरको वडा सदस्यहरुको बृहत भेलाबाट वडासदस्य देवको संयोजकत्वमा गठित संघर्ष समितिले माग पूरा न भएसम्म दैनिक रुपमा धर्ना कार्यक्रम अघि बढाउने तथा संघर्षका थप कार्यक्रमहरु चरणबद्ध रुपमा संचालन हुने देवले बताए।

२०१६ साल मै नगरपालिका घोषणा भएर नगरको मुख्य सडक तथा भित्री सडकको दायाँ बायाँ हजारौं परिवार वर्षौंदेखि लाल पुर्जा न पाएको नगरपालिकाबाट नक्शा पास तथा मालपोत कार्यालयबाट रोक्का प्रकृया समेत लामो समय देखि रोकिएपछि मर्कामा परेका छन्।

विगत ७ वर्ष देखि श्रेस्ता र कम्प्युटरमा कुनै रेर्कड नभएको भन्दै मालपोत कार्यालयले रोक्का गर्न नमानेपछि नगरको मुख्य बजारका वासिन्दा बैंक तथा वित्तीय संस्थाबाट पाउनु पर्ने सेवा सुविधाबाट बञ्चित भएका छन्।

पहिले पहिले बिटौरी रसिदकै आधारमा बैंकमा जग्गा धितो राखी कारोबार हुन्थ्यो, वडा सदस्य दीपक शर्माले भने-"विगत सात वर्ष देखि मालपोत कार्यालयले रोक्का गर्न नमानेपछि बैंकले पनि ऋण दिन नमानेका कारण नगरका झण्डै ५ हजार भन्दा बढी परिवार कष्टकर जीवन विताउन बाध्य छन ।" बिटौरी जग्गाको वर्षौं देखि कर लिने गरेका राजविराज नगरपालिकाले लालपुर्जा र नक्शा पास उपलब्ध न गराउदा बैंकले त्यस्तो जग्गा धितो राख्न अश्विकार गर्ने गरेकाले ब्यापार व्यवसाय पनि चौपट बन्दै गएको उनको भनाइ छ।

बिटौरी जग्गा हरेक चुनावमा उम्मेदवारको चुनावी एजेन्डा बन्ने गरेको छ। तर सो मुदा एजेन्डा र घोषणा पत्रमा मात्र सिमित रहने गरेको नगरवासीको गुनासो छ।

संघर्ष समितिले नगरपालिकाबाट प्रदान गरिने सेवा चुस्त दुरुस्त बनाउनु पर्ने, नगरसभाबाट पारित योजनाहरु अविलम्ब कार्यान्वयनमा ल्याउनु पर्ने, नगरको मुख्य बजार क्षेत्रमा सिसी क्यामेरा जडान गर्नुपर्ने, छाडा पशु चौपाया नियन्त्रण तथा नगर प्रहरी भर्ना प्रक्रिया अविलम्ब सुरु गर्नुपर्ने लगायतका माग पनि अघि सारेको छ।

# प्रदेशमा विदाको माग

**टुडे समाचारदाता**

जनकपुरधाम । भारतको अयोध्यामा नवनिर्मित राम मन्दिरको प्राणप्रतिष्ठाका दिन मधेश प्रदेशमा सार्वजनिक विदा दिनका लागि जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दासले मुख्यमन्त्री सरोजकुमार यादवसँग आग्रह गरेका छन्।



जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशनले माघ ८ गतेका दिन प्रदेशभर सार्वजनिक विदा दिनका लागि मुख्यमन्त्री यादवलाई ज्ञापनपत्र बुझाएका छन्।

भारतको अयोध्यामा वर्षौंको विवादपछि सर्वोच्च अदालतको फैसला अनुसार अयोध्यामा भगवान रामको मन्दिर निर्माण भइ मन्दिरको समुद्घाटन तथा श्रीरामललाको प्राणप्रतिष्ठाको सुखद खबरले विश्वकै हिन्दू धर्मावलम्वीहरूमा गौरव तथा हर्षोल्लास छाएकाले दीपावली मनाउन आग्रह गर्दै प्रदेशमा सो दिन सार्वजनिक विदा दिन उनले आग्रह गरे।

उत्तराधिकारी महन्त रामरोशनले मिथिला र अवधको धार्मिक, पौराणिक, आध्यात्मिक एवं सांस्कृतिक सम्बन्धको आधारमा माता सीताको ससुरालीमा हुने हर्ष बढाईमा मधेश प्रदेशवासी तथा मिथिलावासी सहभागी हुन मधेश प्रदेश तथा मिथिलामा विभिन्न कार्यक्रमहरुका साथै दीपावली मनाउनका लागिसमेत त्रेता युगीन भगवान रामजानकीको पौराणिक वैवाहिक सम्बन्धको संदेश दिन सरकारी रूपमा उत्सव मनाउन प्रदेशमा सार्वजनिक विदाको घोषणा गरी प्रदेशवासीमा दीपावली मनाउन आग्रहपूर्ण सन्देश दिन मुख्यमन्त्रीसँग अनुरोध आग्रह गरे।

# अवैध सामग्री नियन्त्रणमा

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको विभिन्न ठाउँबाट अवैधरुपमा मादक पदार्थसहित विभिन्न सामग्रीहरु प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ।

जिल्लाको जलेश्वर नगरपालिका वडा नम्बर ५ स्थित दशगजा क्षेत्रबाट अवैधरुपमा भन्सार छली चोरी निकासी गरी बीआर ३० पी ४५९४ र नम्बर नखुलेको मोटरसाईकलमा १४ कार्टुन सोफी रक्सी लैजाँदै गर्दा प्रहरी टोलीलाई देख्ना साथ रक्सी छाडी फरार भएपछि ८८ हजार रुपैयाँ बराबरको सोफी रक्सी नियन्त्रणमा लिएको महोत्तरी प्रहरीका सूचना अधिकारी तथा प्रहरी नायब निरीक्षक दिलीप गिरीले जानकारी दिए।

त्यस्तै जिल्लाको मटिहानी नगरपालिका वडा नम्बर ७ र ८ स्थित दशगजा तथा बजार स्थित अबैध रुपमा भन्सार छली चोरी पैठारी गरी लगिरहेको अवस्थामा प्रहरीलाई देख्नासाथ २५ हजार रुपैयाँ बराबरको सामग्रीहरु बरामद गरेको प्रहरी नायब निरीक्षक गिरीले बताए।

त्यस्तै मटिहानी नगरपालिका वडा नम्बर ६ स्थित ब्रहमबाबा मन्दिरबाट अवैध रुपमा भन्सार छली चोरी पैठारी गरी ज ४ प २१६२ नम्बरको मोटरसाईकलमा विभिन्न किसिमका किराना सामग्रीहरु ल्याउँदै गर्दा प्रहरी टोलीलाई देखेलगत्तै ५७ हजार रुपैयाँ बराबरको सामग्री तथा मोटरसाईकल सोही स्थानमा छाडेर फरार भएपछि सो सामग्रीहरु नियन्त्रणमा लिएर आवश्यक कारबाहीको लागि सम्पूर्ण अवैध सामग्रीहरु जलेश्वर भन्सार कार्यालय मलिवारा पठाइएको उनले बताए।


## आवश्यकता

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ ।

**कम्प्युटर अपरेटर - १ (एक) जना**

सम्पर्क

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**

जनकपुरधाम, धनुषा

सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५



## विद्यार्थी चढ्ने सवारी साधन सञ्चालन गर्दा ध्यान दिऔं

- सवारी साधनमा सिटभन्दा बढी विद्यार्थी नराखौं,
- तीब्र गतिमा सवारी साधन नचलाऔं,
- तोकिएको समयमा तोकिएको स्थानमा सवारी साधन पुऱ्याऔं,
- सवारी साधन चलाउनु अगाडि चेक जाँच गरौं,
- तोकिएको स्थानमा मात्र विद्यार्थी चढाउने र ओराल्ने गरौं,
- सवारी साधन पूर्ण रुपमा रोकिसके पछि मात्र विद्यार्थीहरुलाई चढाऔं र ओरालौं,
- विद्यार्थीहरु सिटमा बसिसके पछिमात्र सवारी साधन गुडाऔं,
- विद्यार्थीहरुले शरिरका अंगहरु सवारी साधन बाहिर निकालेका छन् कि ? ध्यान दिऔं,
- सवारी साधनमा सहचालक अनिवार्य राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# मेयरलाई धम्की दिने एकजना पक्राउ



**टुडे समाचारदाता**

वीरगञ्ज । कलैयाउपमहानगरपालिकाका मेयरलाई धम्की दिने एक जनालाई बारा प्रहरीले पक्राउ गरेको छ। कलैया उपमहानगरपालिका मेयर बिनोद साहलाइ धम्की दिने पर्साका एक जनालाई पक्राउ गरेको छ।

पर्साको सखुवाप्रसौनी गाउँपालिका ५ बस्ने भोला गिरीलाइ पक्राउ गरिएको बारा प्रहरी प्रवक्ता दधीराम न्यौपानेले जनाए। उनका अनुसार मेयर साहले आफूलाई निरन्तर आइरहने धम्कीबारे गराएको विवरणबमोजिम गिरीलाइ पक्राउ गरिएको छ।






जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८